# राजस्व सुधार कार्ययोजना

## (२०७९–८० देखि २०८२–८३)




## जीतपुरसिमरा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा,मधेश प्रदेश, नेपाल ।

## दस्तावेज/प्रतिवेदन

| | |
|---|---|
| **दस्तावेजको नाम** | **जीतपुरसिमरा उपमहानगरपालिकाको राजस्व सुधार कार्ययोजना** |
| **सहकार्य** | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र ,जनकपुरधाम |
| **परामर्शदाता** | स्ट्रेन्थ ईन्जिनियरिङ कम्पनी प्रा.लि., काठमाडौं |
| **साल** | २०८० |

# धन्यवाद ज्ञापन



यस जीतपुररसिमरा उपमहानगरपालिकाको राजस्व सुधार कार्ययोजना यो उपमहानगरपालिका र प्रदेश अनसुन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेशको सहकार्यमा तयार गरिएको छ । स्थानीय तहको श्रोत संभाव्यताको अध्ययन गरी राजस्व सधुार कार्ययोजना तयार गने कार्यमा परामर्श सेवा प्रदान गर्ने स्ट्रेन्थ इन्जिनियरिंग कन्सल्टेन्सी प्रा।लि। काठमाडौं लाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस जीतपुररसिमरा उपमहानगरपालिकाको राजस्व सधुार कार्ययोजना तजुर्मा कार्यलाई साकार बनाउन सहयोग गर्नुहुने उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत यस पालिकाको वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरुले प्रदान गर्नु भएको सुझाव र सहयोगको सराहना गर्दछु ।कार्ययोजना तजुर्माको विभिन्न चरणमा सुझाव सल्लाह दिएर सहयोग पुर्याउनु हुने स्थानिय उद्योगी, व्यवसायी तथा सबै सरोकारवालाहरुलाई पालिकाको तर्फबाट आभार प्रकट गर्दछु । अन्त्यमा, यस राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालाहरुको रचनात्मक एवं सकारात्मक सहयोग निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु ।

....................
राजन पौडेल
नगर प्रमुख

विषयसुचि


परिच्छेद एकः परिचय ..... 5

१.१ पृष्ठभुमि ..... 5

१.२ राजस्व सुधार योजनाको औचित्य ..... 7

१.३ उद्‌देश्य ..... 8

१.४ विधि तथा प्रक्रिया ..... 8

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ..... 8

१.४.२ तथ्याङ्क संकलन ..... 8

१.४.३ कार्यशाला गोष्ठी ..... 9

१.४.४ अन्तिम कार्यशाला गोष्ठीको आयोजना ..... 9

१.४.५ प्रतिवेदनको अन्तिम रुप ..... 10

१.५ सीमा ..... 10

परिच्छेद—दुईः उपमहानगरपालिकाको संक्षिप्त परिचय ..... 11

२.१ परिचय ..... 11

२.२ वडागत रुपमा घरधुरी तथा जनसंस्या ..... 11

२.३ उपमहानगरपालिकाको मानवीय संसाधन ..... 12

२.४ उपमहानगरपालिकाको भौतिक सम्पत्ति ..... 14

परिच्छेद—तीन राजश्व अधिकार तथा आय सम्भाव्यता ..... 15

३.१ नगरपालिकाको राजश्व अधिकार सम्वन्धि कानुनी व्यवस्था ..... 15

३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था ..... 17

३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ..... 18

..... 19

३.३.१ कर राजश्व ..... 22

३.३.२ गैर राजश्व ..... 27

परिच्छेद —चार संकलनको संस्थागत क्षमता तथा अवस्था ..... 30

४.१ राजस्व परामर्श सम्वन्धि नीति ..... 30

४.२ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ..... 31

४.४ राजश्व परिचालनमा रहेका सवालहरु ..... 31

परिच्छेद—पाँचः राजश्व सुधार कार्ययोजना ........ 33
५.१ राजश्व सुधार कार्ययोजना ........ 33
परिच्छेद —छ आगामी तिन वर्षको आय प्रक्षेपण ........ 40
६.१ राजश्व सुधार कार्ययोजनाको आधारमा राजश्व प्रक्षेपण ........ 40
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........ 43
परिच्छेद—सातः अपेक्षित नतिजा ........ 48
परिच्छेद—आठः अनुगमन तथा मूल्यांकन ........ 49
८.१ निष्कर्ष र सुझाव ........ 50
अनुसूची १ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ 53
अनुसुचि २ तथ्यांक/सूचना संकलनका फारम ........ 54
अनुसूची ३ राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण ........ 60
अनुसूची ४ राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति फोटो........ 62

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभुमि

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा संचालित एक राष्ट्रव्यापी कार्यक्रम हो । यस कार्यक्रमले प्रदेश तथा स्थानीय शासन पद्धतिलाई दिगो, समावेशी र जवाफदेही बनाउने लक्ष्य लिएको छ । यस कार्यक्रम अन्तर्गत संचालन हुने गतिविधिहरू प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्नेतिर लक्षित रहेका छन् । साथै, प्रदेश तथा स्थानीय सरकारहरुको संस्थागत क्षमता अभिबृद्धिमा पनि यस कार्यक्रमले सहयोग पुर्याउने प्रावधान रहेकोछ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विच सम्झौता भई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय सरकारलाई विभिन्न किसिमका राजस्वको श्रोत, संभाव्य राजस्वको पहिचान, संकलन, राजस्व बाँडफाँडको अधिकार प्रत्यायोजन गरेको छ । स्थानीय सरकार सवल हुन र नागरिकको सेवा सूविधा वृद्धि तथा स्तरन्नोतीको लागि स्थानीय सरकारको आन्तरिक राजस्व क्षमता वृद्धि अपरिहार्य छ । आन्तरिक राजस्व वृद्धिका साथसाथै स्थानीय सरकारको नागरिक प्रतिका उत्तरदायित्व तथा जवाफदेहितमा उत्तिकै वृद्धि हुन आवश्यक छ । नेपालको संविधान (भाग १९) मा आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लनगरन सक्ने ब्यवस्था गरिए अनुरुप स्थानीय तहहरुले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर संकलनका आधारभुत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । खासगरी स्थानीय करको उद्देश्य भनेको स्थानीय सरकारलाई वित्तीय रुपमा सवल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने, स्थानीय तहमा सार्वजनिक सेवाहरु उपलव्ध गराउने, स्थानीय तहका विकास निर्माण कार्य संचालन गर्ने तथा स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण लाई ब्यवस्थापन गरीनुका साथै स्थानीय सरकारले कर लनगरदा वैज्ञानिक करका आधारभूत मान्यताहरुका आधारमा कर करदाताले तिर्नसक्ने क्षमता तथा समानता र न्यायमा आधारीत रहने गरी स्थापना गर्न, सरल, पारदर्शी र मितब्ययी हुने गरी कर लनगरन, साथै नागरिकलाई सुविधा हुने गरी असुल गर्न, स्वेच्छिक रुपमा कर तिर्न प्रेरीत हुने वातावरण सिर्जना गर्न, र कर लनगरँदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्य योजनाको निर्माण अपरिहार्य छ । अनुसूची—५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची—६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची—७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची—८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची—९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ । संविधानले प्रदान गरेको अधिकारका आधारमा बनेका संघ, प्रदेश र स्थानीय सरकारहरु आफैमा त्यस्ता शक्तिशाली तहहरु हुन जसले संबिधानको दायरा भित्र रही पूर्ण स्वायत्तताका साथ काम गर्ने क्षमता राख्छन् । तसर्थ राजनीतिक परिवर्तनको अपेक्षा बमोजिम भएको रुपान्तरणकारी परिर्वतनले समुदायको घरदैलोमा अधिकार मात्र पुर्‍याएको छैन स्थानीय तहका राजनीतिक व्यक्तित्वहरुलाई आफ्नो क्षेत्रमा विकास र सम्बृद्धि ल्याउन क्षमता प्रर्दशन गर्ने अवसर पनि प्रदान गरेको छ । बलियो इच्छा शक्ति र दीर्घकालिन सोचयुक्त राजनीतिक नेतृत्वहरुले आगामी केहि वर्ष

भित्र आफ्नो पालिकालाई सँच्चिकै नमुना बनाउन सक्ने अवसर पाएका छन् । जसले अन्तत्वगत्वा नागरिकको जिवनयापनलाई सहज र सुविधाजनक बनाइदिन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सबैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ । तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ । स्थानीय सरकार सञ्चालन ऐन— २०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आफैंले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन । यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारकालागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ—संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ । तर स्थानीय तह आफैंले सङ्कलन गर्नसकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दिगो विकासको सम्भावनाको आँकलन गर्न सकिने भएकाले सबै पालिकाले आन्तरिक आयस्रोत सङ्कलनमै विशेष ध्यान दिन जरुरी छ । बाह्य आयलाई संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको सर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ ।

२०७४ को परिच्छेद ९ (दफा ५५—६२) मा उल्लेख भए अनुसार पालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए पनि सबै स्रोत समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ । कर तथा गैरकर दुबै स्थानीय तहका आफ्नै आयस्रोत हुन तापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ ।

कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने होइन । स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ । यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय—सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन— २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ । स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ । स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ । सिमित नागरिकलाई असीमित कर वा बढी दरमा कर लनगरर भन्दा थोरै कर दरमा धेरै करदाता समेट्दै धेरै कर सङ्कलन गर्न सक्नुलाई कर प्रशासनको सक्षमता मानिन्छ । नागरिकको विकासका आवश्यकता पूरा गर्नका लागि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ । जुन स्थानीय तहले सम्पत्ति कर सङ्कलनलाई उच्च प्राथमिकतामा राखेको छ,

उसले आफ्ना नागरिकको आवश्यकता दिगो ढङ्गले पूरा गर्ने सम्भावना बढी हुन्छ । वर्तमान सन्दर्भमा आउदा बर्षहरु स्थानीय सरकारकालागि प्रारम्भिक तयारीको वर्ष भएकाले सबै स्थानीय तहले सम्भावित स्थानीय आयस्रोत व्यवस्थापनमा सक्रियता देखाउनसके पछिसम्मका लागि परनिर्भरता घटाउन सकिने सम्भावना छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरूले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन जान्छ । नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ—आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लनगरने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ । संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित राजस्व सुधार कार्ययोजना ः जीतपुरसिमरा उपमहानगरपालिका तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि उपमहानगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले उपमहानगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुँने हुँदा नगरपालिकाले प्राथमिकता प्राप्त आयोजनाहरूको आकार आँकलन गर्न सहज हुनेछ । राजस्व प्रक्रियामा सुधारका लागि जीतपुरसिमरा उपमहानगरपालिकाको नेतृत्वमा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा उपमहानगरपालिकाको प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै उपमहानगरपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको हुनेछ र मुख्य उपलब्धीका रुपमा उपमहानगरपालिकाको कार्ययोजना तयारी भएको हुनेछ तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको हुनेछ ।

## १.३ उद्देश्य

- यस अध्ययनको समग्र उद्देश्य जीतपुररसिमरा उपमहानगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिएको छ ः जीतपुररसिमरा उपमहानगरपालिकाको आन्तरिक आय तथा राजश्वको दर र दायरा लगायत विविध पक्षहरूको वर्तमान अवस्थाको विश्लेषण गर्ने ।
- जीतपुररसिमरा उपमहानगरपालिकाको आन्तरिक आय तथा राजश्वका विभिन्न स्रोतहरुको लेखाजोखा गर्ने र बृद्धिका सम्भावनाहरु पहिचान गर्ने ।
- आगामी ३ आर्थिक वर्षका लागि कार्य योजना सहित जीतपुररसिमरा उपमहानगरपालिकाको राजश्व अनुमान तथा प्रक्षेपण गर्ने।
- आन्तरिक राजश्व सुधार रणनीति र सो रणनीतिका आधारमा बृद्धिका उपाय र राजश्व प्रक्षेपण कार्ययोजना (Road Map) तयार गर्ने ।
- जीतपुररसिमरा उपमहानगरपालिकाको आन्तरिक आय तथा राजश्व वृद्धिका लागि व्यवहारिक तथा विशिष्ट सुझावहरु प्रदान गर्ने ।

## १.४ विधि तथा प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाका लागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ-

| योजना तजुर्माका लागि आवश्यक सन्दर्भ सामाग्रीहरु संकलन तथा अध्ययन |
|---|
| प्रारम्भिक कार्यशालाको आयोजना |
| सूचना तथा तथ्यांक संकलन एवम् विश्लेषण |
| प्रारम्भिक राजश्व सुधार कार्ययोजना तयारी |
| कार्ययोजनाको मस्यौदा तयारी |
| राजश्व सम्भावना विश्लेषण तथा राजश्व प्रक्षेपण |
| मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण र सुझाव संकलन |
| मस्यौदा पुनरावलोकन र अन्तिम प्रतिवेदन तयारी |
| कार्ययोजनाको अन्तिम छलफल र स्वीकृत |

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### १.४.२ तथ्याङ्क संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । उपमहानगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा

तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम अनुसूची २ मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो-

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.३ कार्यशाला गोष्ठी

जीतपुररसिमरा  उपमहानगरपालिकाको आयोजनामा २०८० साल जेठ ४ गते राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारीका लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।







कार्यशाला गोष्ठी उपमहानगरपालिका नगर प्रमुख राजन पौडेलको अध्यक्षतामा उपमहानगरपालिकाको उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष ज्युहरु राजश्व परामर्श समितिका सदस्यहरु उपमहानगरपालिकाको कर्मचारीहरु तथा उद्योगी तथा व्यापारीहरुक गरी जम्मा २६ जनाको उपस्थिति रहेको थियो । उपस्थितिको विवरण अनुसुचि ३ मा रहेको छ ।

### १.४.४ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

जीतपुरसिमरा उपमहानगरपालिकाको आयोजनामा २०८० साल जेठ १७ मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलन तथा राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरु माथी छलफलका

लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल नगर उप प्रमुख भोला प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा स्थानीय राजस्व परामर्श समितिका सदस्यहरु तथा कार्यपालिका सदस्य ज्युहरुको उपस्थितीमा एक दिने कार्यशाला गोष्ठि आयोजना गरी सुझावहरु संकलन गरिएको थियो । यस कार्यक्रममा प्राविधिक टोलीका तर्फबाट डा दिपक बहादुर अधिकारीले राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनका मुख्य मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीका विषयवस्तुहरूमा विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो । उपमहानगरपालिकाका नगर प्रमुख नगर प्रमुख राजन पौडेलले यस योजनाले उपमहानगरपालिकालाई आन्तरिक आय वृद्धि गर्न निकै सहयोग पुग्ने बताउनु भएको थियो । कार्यक्रममा सहभागीहरूको नामावली अनुसूची ४ मा दिइएको छ

### १.४.५ प्रतिवेदनको अन्तिम रुप

उपमहानगरपालिकाको राजस्वसंग सम्बन्धीत मूख्य सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गुर्न भएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम  प्रतिवेदन तयार गरिएको हो ।

## १.५ सीमा

उपमहानगरपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन्-

यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ ।यसको अलावा अध्ययन तथा विश्लेषण कार्य उपमहानगरपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- उपमहानगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- उपमहानगरपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- यो प्रतिवेदनमा राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई प्राथमिकिकरण गरी आगामी निर्वाचित नयाँ जनप्रतिनिधिहरुले समय सापेक्ष परिमार्जन गर्न सक्नेछन ।

# परिच्छेद—दुईः उपमहानगरपालिकाको संक्षिप्त परिचय

## २.१ परिचय

जितपुरसिमारा उपमहानगरपालिका दक्षिणी नेपालको मधेश प्रदेशको बारा जिल्लामा रहेको एउटा उपमहानगरपालिका हो जुन १० मार्च २०१७ मा गढीमाई नगरपालिका, इनारवासिरा, अमलेखगञ्ज, साथै मनहरवा, हरैयाका केही भागहरू मिलाएर गठन भएको हो । मुलुकभरका उच्च १७ स्थानीय तहमध्येको एक हो, जीतपुरसिमरा उपमहानगरपालिका । गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत यस उपमहानगरपालिकामा साविकका भवानीपुर जीतपुर, पिपरासिमरा, डुमरवाना, फत्तेपुर, छातापिपरा, अमलेखगञ्ज, इनर्वासिरा गाविसको पुरै भाग र मनहर्वा गाविसको (१,२,३,७,८,९), हरैयाको (१) र रामपुरटोकनी (३) नम्बर वडा समेटिएको छ ।



यस उपमहानगरपालिकामा २४ वटा वडा छन । राष्ट्रिय जनगणना २०६८ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको जनसंख्या ११७,९५० रहेको छ भने क्षेत्रफल करीव ३१४ वर्ग किमी छ । यस उपमहानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका, कोल्हवी नगरपालिका र करैयामाई गाउपालिका, पश्चिममा वीरगञ्ज महानगरपालिका, उत्तरमा हेटौडा उपमहानगरपालिका र दक्षिणमा परवानीपुर गाउपालिका, प्रसौनी गाउपालिका र कलैया उपमहानगरपालिका रहेका छन् । साविकको भवानीपुरजीतपुर, पिपरासिमरा, डुमरवाना, फत्तेपुर र छातापिपरा गाविसलाई समेटेर गढीमाई नगरपालिका बनाइएको हो । गढीमाई नगरपालिकामा १६ वटा वडा रहेका थिए ।

जितपुरसिमरा उमनपामा प्रायः मानिसहरूले भोजपुरी भाषा बोल्ने गरेको पाईन्छ । जितपुर सिमरामा नेपाली, थारु, तामाङ, मैथिली, मगर, उर्दू, नेवार, उराँव/उराउ, गुरुङ, हिन्दी, राई, दनुवार, घले, याक्खा, लिम्बु, चेपाङ, सुनुवार, बंगला, शेर्पा, संस्कृत, राजस्थानी आदि भाषा बोल्ने मानिसहरूको बसोबास रहेको पाईन्छ ।

## २.२ वडागत रुपमा घरधुरी तथा जनसंस्या

२०७८ को जनगणना अनुसार जितपुर सिमरा उपमहानगरपालिकामा ६३,९२७ पुरुष र ६३,३८० महिला गरी कुल १ लाख २३ हजार ३०७ जना जनसंख्या रहेको देखिन्छ । कुल वडामध्ये वडा नम्बर ७ मा सबैभन्दा बढी १४ हजार ७१९ जनसङ्ख्या रहेको छ भने वडा नम्बर १३ मा सबैभन्दा कम जनसङ्ख्या १ हजार ९४६ रहेको छ । घरपरिवारको संख्या हेर्दा जितपुर सिमरा उपमहानगरपालिकामा कुल २५ हजार ६७० रहेका छन् ।

तालिका नं. १ वडागत रुपमा घरधुरी तथा जनसंख्या

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ४५८८ | ४३४५ | ८९३३ |
| २ | ५२६९ | ५२७९ | १०५४८ |
| ३ | २०१५ | १९४९ | ३९६४ |
| ४ | २५३९ | २६८५ | ५२२४ |
| ५ | २३१७ | २२५६ | ४५७३ |
| ६ | १०४७ | १०४३ | २०९० |
| ७ | ७६३९ | ७०८० | १४७१९ |
| ८ | २७१२ | २५११ | ५२२३ |
| ९ | १६९१ | १६०१ | ३२९२ |
| १० | २०५८ | १८७६ | ३९३४ |
| ११ | २७२८ | २५४० | ५२६८ |
| १२ | २२८६ | २२५६ | ४५४२ |
| १३ | ९७१ | ९७५ | १९४६ |
| १४ | २५०३ | २६७४ | ५१७७ |
| १५ | २८२६ | ३१३० | ५९५६ |
| १६ | २२२५ | २५१६ | ४७४१ |
| १७ | २०८९ | २३३७ | ४४२६ |
| १८ | २६८० | २७८७ | ५४६७ |
| १९ | ३०५७ | ३१०९ | ६१६६ |
| २० | ३०२७ | २९६६ | ५९९३ |
| २१ | १९५२ | १८१२ | ३७६४ |
| २२ | १६४४ | १६८३ | ३३२७ |
| २३ | १८५९ | १६६१ | ३५२० |
| २४ | २२०५ | २३०९ | ४५१४ |
| **जम्मा** | **६३,९२७** | **६३,३८०** | **१,२७,३०७** |

## २.३ उपमहानगरपालिकाको मानवीय संसाधन

जीतपुरसिमरा उपमहानगरपालिकामा प्रशासन महाशाखा, शिक्षा,युवा तथा खेलकुद बिकाश महाशाखा, स्वास्थ्य तथा सामाजिक महाशाखा, योजना,बजेट तथा सूचना प्रविधिक महाशाखा ,आर्थिक महाशाखा प्रशासन शाखा , शहरी विकास तथा पूर्वाधार महाशाखा, वातावरण तथा विपत व्यवस्थापन महाशाखा ,जिन्सी शाखा, राजश्व शाखा , तथ्यांक व्यवस्थापन शाखा, प्राविधिक शाखा , नाप नक्सा शाखा , कानून शाखा, उद्योग व्यवसाय प्रबर्धन शाखा रहेका छन् । यहाँ प्रमुख प्रशासकीय अधिकृतको रुपमा हाल हरिलाल पुरी कार्यरत हुनुहुन्छ ।

### तालिका नं. २ नगरपालिकाको मानवीय संसाधन

| क्र.स. | नामथर | पद | शाखा |
|---|---|---|---|
| १ | हरिलाल पुरी | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| २ | शिवजी प्रसाद | शिक्षा,युवा तथा खेलकुद बिकाश महाशाखा प्रमुख | शिक्षा,युवा तथा खेलकुद बिकाश महाशाखा |
| ३ | रबि कुमार भाष्कर | स्वास्थ्य तथा सामाजिक बिकास महाशाखा प्रमुख | स्वास्थ्य तथा सामाजिक बिकास महाशाखा |
| ४ | सन्तोष सुवेदी | | आर्थिक प्रशासन महाशाखा |
| ५ | ई. राम नरेश यादव | | शहरी विकास तथा पूर्वाधार महाशाखा |
| ६ | वालाराम खड्का | | योजना,बजेट तथा सूचना प्रविधि महाशाखा |
| ७ | दुर्गा न्यौपाने | | वातावरण तथा विपत व्यवस्थापन महाशाखा |
| ८ | सुधन चौधरी | | आर्थिक विकास महाशाखा |
| ९ | रामेश्वर बन्जारा | | सामान्य प्रशासन महाशाखा |
| १० | ई. अभायकांत झा | | सहरी विकास तथा पूर्वाधार शाखा |
| ११ | हरिश प्रसाद भट्ट | | शिक्षा युवा तथा खेलकुद महाशाखा |
| १२ | ई.पुष्पा सिंह | | वतावरण तथा सरसफाई व्यवस्थापन शाखा प्रमुख |
| १३ | संजिव रुपाखेति | | प्राविधिक |
| १४ | कृष्णदेव राउत | | नाप नक्सा इकाई |
| १५ | लक्ष्मी लामा | | वडा सचिव |
| १६ | नागेश्वर ठाकुर | | तथ्यांक व्यवस्थापन शाखा |
| १७ | खूल प्रसाद गौतम | | शिक्षा शाखा |
| १८ | अर्जुन पाण्डे | | वडा सचिव |
| १९ | सिद्धार्थ चौधरी | | वडा सचिव |
| २१ | रन्धिर कुमार यादव | | वडा सचिव |
| २१ | सिमा उप्रेती | | राजश्व व्यवस्थापन शाखा |
| २२ | कुलदिप कुमार राय | | कानून शाखा |
| २३ | नितु साह | | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| २४ | प्रदीप कुमार बैठा | | नाप नक्सा शाखा |
| २५ | अम्बिका प्रसाद कुशवाहा | | नाप नक्सा शाखा |
| २६ | अनिल कुमार पासवान | | |
| २७ | उषा बुढाथोकी | | |
| २८ | संगीता कुमारी चौधरी | | |

| | | | |
|---|---|---|---|
| २९ | उमाकान्त पौडेल | | |
| ३० | हरिकिशोर शाह | | |
| ३१ | पुष्प प्रसाद घिमिरे | | प्रशासन शाखा |
| ३२ | ललित किशोर ललित | | प्राविधिक |
| ३३ | रमेश चौधरी | | राजश्व |
| ३४ | जिवन कुमार थापा क्षेत्री | | |
| ३५ | ललिता कुमारी जर्गा | | |
| ३६ | नेजामुल हक अंसारी | | |
| ३७ | नवराज ढुंगेल | | उद्योग व्यवसय प्रबर्धन शाखा |
| ३८ | मनोज कुमार शाह | | |

जीतपुरसिमरा उपमहानगरपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका नं. ३ राजस्व परामर्श समिति.कने संस्थागत संरचना**

| क्र.स. | समितिका व्यक्तिहरु नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | भोला प्रशाद अधिकरी | संयोजक | |
| २ | संजय पटेल | सदस्य | |
| ३ | बुद्ध कुमारी अधिकरी | सदस्य | |
| ४ | हरिलाल पुरी | सदस्य | |
| ५ | मोहन शर्मा | सदस्य | |
| ६ | राम पौडेल | सदस्य सचिब | |

## २.४ उपमहानगरपालिकाको भौतिक सम्पत्ति

यस उपमहानगरपालिकाको कार्यालय आफ्नै कार्यालय भवनमा संचालनमा रहेको छ। उपमहानगरपालिकाको कुल २४ वडा कार्यालयहरुमा १६ वटा वडा कार्यालयहरु आफ्नै कार्यालय भवनमा संचालनमा रहेका छन् भने ८ वटा वडा भाडा को भबनमा संचालनमा रहेका छन् । ३ वटा जिप स्कार्पियो, ट्राक्टर २ ,पिकअप, टिपर ५, दमकल १,ग्रेंदर १ , मोटरसाइकल ३२, साइकल ८ , तथा कम्प्युटर १२७ , ल्यापटप ७९ , प्रिन्टर ९२ र प्रोजेक्टर १ वटा रहेको छ ।

# परिच्छेद—तीन  राजश्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था समेतका आधारमा आन्तरिक स्रोततर्फ यस उपमहानगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षकगत् रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजश्व अधिकार सम्वन्धि कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ अनुसूची ८ अनुक्रम ४ बमोजिम नरपालिकालाई सम्पत्ति कर, भूमीकर (मालपोत), सवारी साधन कर, मनोरञ्जन कर, घर बहाल कर, विज्ञापन कर, व्यवसाय कर र घर जग्गा रजिष्ट्रेशन दस्तुर, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत), दण्ड जरिवाना जस्ता राजस्व अधिकार प्रदान गरेको छ भने संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले ती राजस्व अधिकारको थप व्याख्या गरेको अवस्था छ । जस अनुसार जीतपुरसिमरा उपमहानगरपालिका भित्रको घरजग्गाको मूल्यको आधारमा एकिकृत सम्पत्तिकर वा घरजग्गाकर जसको बिकल्पको रुपमा मालपोत वा भूमिकर, घरजग्गा वहालकर, पूजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसायकर, रिक्सा, टांगा, अटोरिक्सा, इ रिक्सामा सवारीकर, उन, खोटो, वनकस कवाडीमाल, जीवजस्तुको हाड, सींग, प्वाख छालाको व्यवसायिक उपयोगमा जडिवुटि, कवाडी र जीवजन्तुकर, आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत वहाल विटौरी शुल्क, आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लनगरन पाउने गरी कानूनी व्यवस्था गरेको छ । त्यसै गरी आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङकन र सिफारिस सम्बन्धी कुनै सेवामा सेवा शुल्क लनगरन पाउने व्यवस्था गरेको छ । यसै गरी दस्तुर तर्फ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, बिद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, टयुशन, कोचिग, औषधीपसल, प्लटिङ, ढुंगा, गिटी, वालुवा, माटो, खरिढुंगा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग, नक्सापास, पंजिकरण, सिफारिस, जग्गा नापजांच, वस्तु तथा सेवा बिक्रि, ढुङा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी कार्यको दर्ता अनुमति वा नविकरण गर्दा दस्तुर लिन सक्ने व्यवस्था गरेको छ ।

यसै गरी नेपालको संविधान तथा अन्तर सरकारी बित्त हस्तान्तरण ऐन २०७४, राष्टिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार बीच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्व अधिकार देहाय बमोजिम -

क) संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी

- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

ख) स्थानीय तहमा संकलन भई बाँडफाँड हुने

- बिज्ञापन कर - स्थानीय तहले विज्ञापन कर लनगरने र उठाउने । यसरी उठेको रकम स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- मनोरञ्जन कर - मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलन भएको रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्क - घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलित रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।

ग) प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने

सवारी साधन (टांगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र संकलित रकममध्ये प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिसत पाउने गरी बाँडफाँड हुने ।

प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्वन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था रहेको छ ।

**तालिका नंः ४ प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्वन्धी व्यवस्था**

| श्रोतहरु | संघ | प्रदेश | स्थानिय |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| बन | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |

स्रोत अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसुची ४

कर राजश्व बाँडफाँड सम्वन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँड गर्ने व्यवस्था रहेको छ ।

**तालिका नंः ५ कर राजश्व बाँडफाँड सम्वन्धी व्यवस्था**

| श्रोतहरु | संघ | प्रदेश | स्थानिय |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

स्रोत अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ परिच्छेद ३ (६)

**तालिका नंः ६ एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था**

| करका क्षेत्रहरु | कर निर्धारण गर्ने तह | संकलन गर्ने तह | राजश्व बाँडफाँड(% मा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानिय तह |
| **सवारी साधन कर** | प्रदेश | प्रदेश | ६० | ४० |
| **रजिष्ट्रेशन शुल्क** | प्रदेश | स्थानिय | ४० | ६० |
| **मनोरञ्जन कर** | प्रदेश | स्थानिय | ४० | ६० |
| **विज्ञापन कर** | स्थानिय | स्थानिय | ४० | ६० |

स्रोत अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५/६

## ३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था

**तालिका नंः ७ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | छ | छ |
| | एकीकृत सम्पीत्त कर | छ | छ | छ |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | छैन | छैन |
| | घर जग्गा बहाल कर | छ | छ | छ |
| | व्यवसाय कर | छ | छ | छ |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | छ | छ |
| ख. | अन्य राजस्व | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | छ | छ |
| | नक्सापास दस्तुर | छ | छ | छ |
| | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| | वहाल विटौरी शुल्क | छ | छ | छ |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | पार्किङ्ग शुल्क | छ | छैन | छैन |
| | अस्पताल सञ्चालन | छ | छ | छ |
| | फोहरमैला ब्यवस्थापन शुल्क | छ | छ | छ |
| | स्थानीय खानेपानी महसुल | छ | छैन | छ |
| | स्थानीय विद्युत महसुल | छ | छैन | छ |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | छ | छैन | छ |
| | निर्माण, सञ्चालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडकवत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छ | छ | छ |
| | मूल्याङ्कन सेवा शुल्क | छ | छ | छ |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | छ | छ |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छैन | छ |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| | दण्ड जरिवाना | छ | छ | छ |

### ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्वमध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।




उपमहानगरपालिकाको विगत बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । नगरपालिकाले गत आर्थिक वर्षमा विविध प्रकारका शिर्षकहरुबाट राजश्व संकलन गरेकोथियो । गत आ.व.को यथार्थ संकलन र चालु आ.व.को प्रस्तावित आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ -

आन्तरिक आय र वाहय आय( समानिकरण अनुदान, सशर्त अनुदान, राजस्व वांडफांड जस्ता स्थानीय श्रोत र संघ तथा प्रदेश सरकारको तर्फबाट बिशेष कार्यक्रमका लागि उपलव्ध गराइने आय समेत) तर्फ आ.व.२०७७।०७८ का लागि राजस्व सुधार योजना तर्जुमा भइनसकेको अवस्था मा रु. १ अर्ब ९६ करोड १० लाख बराबरको आय भएको देखिन्छ । आ.व.२०७८।०७९ का लागि रु.१ अर्ब ८७ करोड ६९ लाख आय भएको पाईन्छ भने आ.व.२०७९।०८० बैशाख महिना सम्म २ अर्ब ५६ करोड ५२ लाख बराबरको आय भएको देखिन्छ ।

**तालिका नं. ८ नगरपालिकाको राजस्व संरचना**

रु. हजारमा

| आय शिर्षक | | २०७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० यथार्थ बैशाख महिना सम्म |
|---|---|---|---|---|
| क. आन्तरिक आय /बैंक मौदात | | | | |
| ११११३१ | सम्पत्ति,बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ८९ | ४५७२ | |
| ११३१३ | एकिकृत सम्पत्ति कर | | ७४६६ | १०० |
| ११३१४ | मालपोत वा भूमिकर | ६३०२ | ८०८३ | १०००० |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | | | |
| ११३२१ | घरवहाल कर | ८७२८ | १६५८१ | १०००० |
| ११३२२ | वहाल विटौरी कर | १४३९८ | १५५२८ | ८००० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाने कर /सडक उपयोग शुल्क | | | २००० |
| ११४७९ | अन्य मनोरञ्जन कर | | | १० |
| | कवाडि कर | | | २५६०० |
| ११६९१ | अन्य कर | | | १५० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | ७५ |

| | | | | |
|---|---|---|---|---|
| १४१५२ | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त आय | | | १० |
| १४२१६ | निजि धारा वापतको शुल्क | | २८ | |
| १४२१८ | विद्युत सेवा शुल्क | | | ५ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | | | १०००० |
| १४२२१ | न्यायिक दस्तुर | | २१ | ५ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानि | | | ३० |
| १४२२४ | परिक्षा दस्तुर | | १८ | ७५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३७०२ | ५७६ | |
| १४२४१ | पाकिङ्क शुल्क | | १६७१ | |
| १४२४२ | नक्सा पास दस्तुर | २७४३४ | ३५११ | ८००० |
| १४२४३ | सिफारिस दस्तुर | ३९०३ | ५६६९ | ७५०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २६५ | ७१० | ५०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २३९ | ५०० | ३०० |
| १४२४९ | अन्य दस्तुर | ६०३५ | ५०४३ | १००० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३०५ | | ५०० |
| १४३१२ | प्रशासनिक दण्ड तथा ,जरिवाना र जफत | १५६ | | ५०० |
| १४३१३ | धरौटी सदरस्याहा | ७४०० | | ५०० |
| १४५२९ | अन्य राजश्व | | ६९९ | ५० |
| १४६११ | व्यवसाय कर | १८१५ | ३७२३ | ३००० |
| ३२१२२ | बैंक मौज्दात | ७९३९६० | ६४७३८७ | ६७२४१३ |
| जम्मा आन्तरिक | | ८७४७३१ | ७२१७८६ | ७६००८८ |
| ख. राजश्व बाँडफाँड | | | | |
| संघिय राजश्व बाँडफाँड | | १५५७४१ | २०३३९३ | |
| प्रदेश राजश्व बाँडफाँड | | ५७८८७ | १७८४ | |
| घरजग्गा रजिष्टेशन दस्तुर | | | | ६५००० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | | | | १००००० |
| बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | | | | ४०००० |
| बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | | | | ४३५ |
| बाँडफाँड भई प्राप्त बन रोयल्टि | | | | |
| बाँडफाँड भई प्राप्त हुने सवारी कर | | | | १५००० |

| | | | |
|---|---|---|---|
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त  हुने आय | | | २०००० |
| जम्मा  राजश्व बाँडफाँड | २१३६२८ | २०५१७७ | २४०४३५ |
| ग. वित्तीय हस्तान्तरण तथा अनुदान | | | |
| संघीय सरकार | | | |
| संघिय समानिकरण अनुदान | २८१८०० | २९७५०० | ३०७८०० |
| संघिय सर्शत अनुदान चालु | ४१६११४ | ४६८६१५ | ४३६२०० |
| सर्शत अनुदान चालुःआन्तरिक ऋण | २६५ | १४०३४ | |
| सर्शत अनुदान चालुःजिपिई | | ७०० | |
| सर्शत अनुदान चालुः एडिविःपिविएल | ६५११० | | |
| सर्शत अनुदान चालुः आईडिए | १२३०० | ८३५५ | |
| सर्शत अनुदान चालुः आईडिएःडिपिसि | ९८०३ | | |
| सर्शत अनुदान चालुः एस.एस.डिपि अनुदान | १७५१४ | ७१२६ | |
| सर्शत अनुदान चालुः एस.एस.डिपि ऋण | २४०४६ | | |
| सर्शत अनुदान चालुः स्वीट्जरल्याण्ड एस.डिसि | २३९५ | २७०० | |
| सर्शत अनुदान चालुः युरोपियन युनियन | २९४९ | १९०० | |
| संघ सर्शत अनुदान पुँजिगत | | ४७३५० | ५०७००० |
| संघ सर्शत अनुदान पुँजिगत आ.ऋ | | २६६०० | |
| संघ सर्शत अनुदान पुँजिगत आईडिए | | २०० | |
| संघ सर्शत अनुदान पुँजिगत एस.एस.डिपि अनुदान | | ९०० | |
| संघ सर्शत अनुदान पुँजिगत एस.एस.डिपि ऋण | | ९००० | |
| सर्शत अनुदान पँजिगतुः स्वीट्जरल्याण्ड एस.डिसि अनुदान | | १०० | |
| संघिय विशेष अनुदान चालु | | | |
| संघिय विशेष अनुदान पुँजिगत | | २१६०० | १६६०० |
| संघिय समपुरक अनुदान चालु | | | |
| संघिय समपुरक अनुदान पुँजिगत | | | |
| जम्मा संघिय अनुदान | ८३२२९६ | ९०६६८० | १२६७६०० |
| प्रदेश सरकार | | | |
| प्रदेश समानिकरण अनुदान | १२९०४ | २०८०५ | २०००० |
| प्रदेश सर्शत अनुदान चालु | १५००० | १०००० | २४१७५ |
| प्रदेश बिशेष अनुदान चालु | ७५०० | ७५०० | ७५०० |
| प्रदेश समपुरक अनुदान चालु | ५००० | ५००० | ५००० |
| जम्मा प्रदेश अनुदान | ४०४०४ | ४३३०५ | ५६६७५ |

| कुल जम्मा | १९६१०५९ | १८७६९४८ | २५६५२३३ |
|---|---|---|---|

### ३.३.१ कर राजश्व

क) एकीकृत सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकालाई आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लनगरन सक्ने अधिकार प्रदान गरेको छ । ऐनले सबै स्थानीय सरकारलाई २०७५ साउन १ गतेबाट हाल लिदैआएको मालपोत (भूमीकर) कर परिवर्तन गरी अनिबार्य रुपमा एकीकृत सम्पत्ति कर उठाउने पर्ने वाध्यकारी ब्यवस्था गरेको भएतापनि चालु आ.व.को आर्थिक ऐनले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ खारेज गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी व्यबस्थामा परिवर्तन गरेको र सम्पत्ति कर नलागेको जग्गामा भूमीकर (मालपोत) लनगरन सक्ने वैकल्पिक व्यवस्था गरेकोले सम्पत्तिकर लाग्ने सम्पत्तिमा सम्पत्तिकर र अन्य सम्पत्तिमा मालपोत वा भूमिकर लनगरन सक्ने देखिन्छ । अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरुसँगको अन्तरक्रियाको निष्कर्षको रुपमा जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा वसोवास गर्ने करीव ७७ प्रतिसत नागरिकहरुसँग जग्गाको स्वामित्व रहेको तर के कति संख्यामा सम्पत्तिकरदाता हुन सक्छन भन्ने सन्दर्भमा जीतपुरसिमरा उपमहानगरपालिकाका क्षेत्रभित्रको जग्गा जमिनको एकिन अभिलेख तयार भइनसकेको, स्वामित्व सम्बन्धी समस्या रहेका जमिन र त्यस्ता जमिनमा निर्माण भएका संरचनाहरुमा सम्पत्तिकरको उपयुक्त बिकल्प वहाल बिटौरी शुल्क लनगरन सकिने सुझावहरु प्राप्त भएको छ । यस पालिका चालु आ.व.सम्म मालपोत वा भूमिकर मात्र संकलन गर्दै आइरहेको छ । तथापी, सम्पत्तिकरको प्रारम्भिक संभाव्यता आकलन गर्न मूलतः जीतपुरसिमरा उपमहानगरपालिकाका क्षेत्र भित्र रहेको कूल जनसंख्या, कूल घरधुरी संख्या, औषत परिवार संख्या, सम्पत्तिको स्वामित्व रहेको परिवारको औषत न्युनतम संख्या करयोग्य अचल सम्पत्तिको अनुमानित मूल्यलाई नै आधार बनाउनु पर्ने हुन्छ । यसर्थ सम्पत्तिकरको संभाव्यता अध्ययन र अनुमान प्रक्षेपणको लागि अनुमानित जनसंख्या १ लाख २७ हजार, अनुमानित घरधुरी परिवार संख्या २५६५० हजार, औषत परिवार संख्या ४.९६ छ ।

**तालिका नं. ९ सम्पत्तिकर अनुमान प्रक्षेपण**

| करदाता संख्या प्रतिशत | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन | औषत करभार | अनुमानित प्रक्षेपण |
|---|---|---|---|---|
| ५० प्रतिशत | ९८३२ | १०००००० | ३०० | २९४९६०० |
| ३० प्रतिशत | ५८९९ | २०००००० | ५०० | २९४९५०० |
| १५ प्रतिशत | २९४९ | ५०००००० | ७०० | २०६४३०० |
| १.५ प्रतिशत | २९५ | १००००००० | १००० | २९५००० |
| १ प्रतिशत | १९७ | २००००००० | ४००० | ७८८००० |
| १ प्रतिसत | १९७ | ३००००००० | ९००० | १७७३००० |
| ०.५ प्रतिशत | ९८ | ४००००००० | १६००० | १५६८००० |
| ०.५प्रतिशत | ९८ | ५००००००० | २५००० | २४५०००० |
| ०.५प्रतिशत | ९८ | १०००००००० | ६०००० | ५८८००० |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | १९६६३ | | | २०७१७४०० |

स्रोतः जीतपुरसिमरा उपमहानगरपालिका, २०८०

उपरोक्त तालिकाको आधारमा जीतपुरसिमरा उपमहानगरपालिकाको कूल सम्भाव्यता करीब २ करोड ७ लाख हाराहारी अनुमान गरिएको छ भने आगामी आ.व.हरुमा मा १० प्रतिसत बृद्धि हुने अनुमान गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन करदर र दायरा बिश्लेषणको आधारमा लक्ष्य निर्धारण हुनु आवश्यक छ भने व्यवस्थापकीय सुधार तर्फ तथ्यांक अद्यावधिका लागि घरधुरी सर्वेक्षण वा सम्पत्तिको स्वयम घोषणा बिधिको अवलम्बन, करयोग्य सम्पत्तिको मूल्यांकनका लागि जग्गा जमिनलाई व्यवसायिक, आवासीय र अन्य वर्गमा वर्गिकरण गरी प्रचलित बजारमूल्यसँग तालमेल मिलाउनु अति आवश्यक छ । त्यसैगरी घरको हकमा मुल्य ह्रास दर पनि तोक्नु आवश्यक छ ।

सुधारका पक्षहरूः

सम्पत्ती कर कार्यान्वयनका लागि नगरपालिकाले सम्बोधन गर्नुपर्ने विषय देहाअनुसार रहेका छन्ः

- कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- सम्पत्ती मूल्याकंनमा स्वघोषणा विधिबाट कर व्यवस्थापन बारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार आर्थिक ऐनमा प्रगतिशिल करको सम्पत्ती संचालन गर्ने ।
- सम्पत्ती करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।
- सफ्टवयर, उपकरण तथा पूर्वाधार तयार गरी उपमहानगरपालिका कार्यालय तथा सबै वडा कार्यालमा कम्प्युटरमा आधारित बिलिङ प्रणाली ब्यबस्तीत गर्ने।

ख) मालपोत वा भुमीकर

यस जीतपुरसिमरा उपमहानगरपालिकाको चालु आ.व.सम्म मालपोत वा भूमिकर संकलन गर्दै आइरहेको छ । यसर्थ गत आ.व.२०७८।७९मा रु.८० लाख ८३ हजार आम्दानी गरेको छ । भने यस कार्ययोजना कार्यान्वयनमा आएपछि सम्पत्तिकरमा आय बृद्दि भई मालपोत तथा भूमिकरको आगामी आ.व.हरुमा ७ देखि १० प्रतिसतले कमी हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः

- मालपोत कार्यालयसँग समन्वय गरी उपमहानगरपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका ठाउँमा बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ति तथा सडकको पहुँच नभएका ग्रामिण क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

ग) घर जग्गा वहाल कर

जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लिइने कर घरजग्गा बहाल कर हो । यो कर

स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार जीतपुरसिमरा उपमहानगरपालिकामा नै रहेकोले जीतपुरसिमरा उपमहानगरपालिकाले बहाल रकमको १० प्रतिसतको दर तोकेको देखिन्छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन घरवहाललाई आवासिय र व्यावसायिक दरमा वर्गिकरण गरिएको छ भने जुन तालिका १० मा प्रस्तुत गरिएको छ । यस शिर्षक अन्तर्गत करिव रु करीव १ करोड ७७ लाख बराबरको राजस्व उठ्ने प्रक्षेपण गरिएको छ भने उक्त राजस्व ७ प्रतिसतका दरले बढ्दै जाने अनुमान गरिएको छ ।

**तालिका नं. १० बहाल कर प्रक्षेपण**

| क्र.सं. | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या (क) | औसत मासिक भाडा रकम | जम्मा बार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | (ङ) |
| | | | अनुमानित | क*ख*१२ | प्रतिशत | ग*घ |
| १ | अटिड गर्ने तथा सस्थागत व्यवसायिक फर्म,वित्तिय संस्था तथा सार्वजनिक संस्थाहरु ( औसत मासिक रु १४००० भाडा आर्जन गर्ने ) | ७०० | १४००० | ११७६००००० | १० | ११७६०००० |
| २ | उललेखित बाहेक व्यवसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने ( औसत मासिक रु ५५०० भाडा आर्जन गर्ने ) | ९०२ | ५५०० | ५९५३२००० | १० | ५९५३२०० |
| **जम्मा** | | **१६०२** | | **१७७१३२०००** | | **१७७१३२००** |

घरवहाल करालाई प्रभावकारी वनाउन जीतपुरसिमरा उपमहानगरपालिकाले देहायका कार्य गर्नु आवश्यक देखिन्छ

- स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- घर जग्गा बहाल कर लनगरने र उठाउने सम्बन्धी कार्यविधि कानूनको निर्माण गरी लागु गर्ने ।
- घर वहाल कर नतिर्ने घरधनीलाई जीतपुरसिमरा उपमहानगरपालिकाबाट प्राप्त हुने सुविधावाट बञ्चित गर्ने नीति लिने ।

घ) व्यवसाय कर र रजिष्ट्रेशन दस्तुर

व्यवसाय कर जीतपुरसिपुमरा उपमहानगरपालिकाको प्रमुख आयको रुपमा लिन सकिन्छ । उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका व्यबसायहरुलाई बर्गीकरण गरी व्यवसाय कर लनगरन सक्दछ । व्यवसाय करको दर नगरसभाले स्वीकृत गरेको आर्थिक ऐनद्वारा निर्धारण गरिएको हुन्छ । यस उपमहानगरपालिकाले पनि विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । उपमहनगरपालिकामा व्यवसाय सम्बन्धी तथ्यांक नभएता पनि अध्ययनको क्रममा गरिएको अन्तरक्रिया र स्थालगत अनुगमनको आधारमा उपमहानगरपालिकाक्षेत्र भित्र करिव १६७५ को हाराहारीमा साना ठूला पसल व्यवसायहरु भएको देखिन्छ । यसर्थ व्यवसायकर शिर्षकमा गरिएको अनुमान करिव रु ३८ लाख ५६ हजार लाई यथावत रुपमा राखी आगामि आ.व. का वर्षहरुमा ६ देखि १० प्रतिसतले राजस्व बढ्ने अनुमान प्रस्ताव गरिएको छ ।यो करप्रणालीलाई थप प्रभावकारी बनाउन उपमहानगरपालिकाभित्र हुने व्यवसायलाई कारोवारका आधारमा वर्गीकरण गरी तालिका ८ वमोजिम करको दर कायम गर्न सकिने देखिन्छ ।

**तालिका नं. ११ व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण**

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० लाख सम्म | ८३७ | १००० | ८३७००० |
| २ | २० देखि ५० लाख | ४१९ | २००० | ८३८००० |
| ३ | ५० देखि ७० लाख सम्म | १६७ | ३००० | ५०१००० |
| ४ | ७० देखि १ करोड सम्म | ८४ | ४००० | ३३६००० |
| ५ | १ करोड देखि ३ करोडसम्म | ८४ | ६००० | ५०४००० |
| ६ | ३ करोड देखि | ८४ | १०००० | ८४०००० |
| | **जम्मा** | **१६७५** | | **३८५६०००** |

सुधारका पक्षहरू:

- साथै व्यवसाय करलाई थप वैज्ञानिक र प्रभावकारी वनाउन देहायका कार्यहरु गर्न सकिन्छ -
- व्यवसाय कर सम्वन्धी आवश्यक सूचनासहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा लगत अध्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धीमा उद्योग वाणिज्य संघसँग समन्वय गर्ने ।
- कर तिर्ने व्यवसायीको “व्यवसायी संकेत नं.” कायम गर्ने ।
- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला,मझौला र साना (क ख ग घ) वर्गमा वर्गीकरण गरी करको दर निर्धारण र परिमार्जन गर्ने ।

ङ ) विज्ञापन कर

उपमहानगरपालिका क्षेत्र भित्र हुने बिज्ञापनमा आर्थिक ऐनको अनुसूचि (९) बमोजिम बिज्ञापन कर लगाईने र असूल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्य ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ उपमहानगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार‘प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल भित्ते लेख अदिमा विज्ञापन कर लागु गर्न सक्छ । तर, संघीय कानुन अनुसार यो कर जीतपुरसिमरा उपमहानगरपालिकाले दर निर्धारण र संकलन गर्ने तथा प्रदेशलाई ४० र स्थानीय तहलाई ६० प्रतिसतका दरले बाँडफाँड हुने भएको यस नगरपालिकाक्षेत्र भित्र विज्ञापनका लागि होर्डिङ बोर्ड केहि थोरै मात्रामा राखिएको तर हालसम्म विज्ञापन कर केहि मात्रामा असुली भएको अवस्था छ । नगरमा यस्ता विज्ञापनको होर्डिङ वोर्ड र डिजिटल वोर्ड के कति संख्यामा छ भन्ने विवरण उपलव्ध हुन नसकेको हुंदा अनुमान गरिएको करिव रु ५ लाख लाई यथावत राखी आगामी आ.व. का वर्षहरुमा १० प्रतिसतले राजस्व बढ्ने अनुमान प्रस्ताव गरिएको छ ।

सुधारका पक्षहरू:

उपमहानगरपालिका क्षेत्रभित्र रहेका बिज्ञापन वोर्ड तथा अन्य व्यापारिक बिज्ञापन वोर्डहरुको अभिलेख तयार गर्ने,

- बिज्ञापन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।
- बिज्ञापन को प्रकृति ,ढाचा हेरी करको दर निर्धारण गर्ने ।
- बिज्ञापन सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरुको यर्थाथ तथ्यांक संकलन र अध्यावधिक गर्ने ।
- च) वहाल विटौरी

जीतपुरसिमरा उपमहानगरपालिकाले वहाल विटौरी करका लागि हाल गरेको व्यवस्था व्यवस्थाका तुलनामा मासिक तथा बार्षिक रुपको आधारमा करको दर तोकिएको आर्थिक ऐनमा उल्लेख देखिन्छ । वहाल विटौरी अन्तर्गत आ.व २०७८।७९ मा कवाडी कर समेत गरेर रु. १ करोड ५५ लाख २८ हजार उठेको थियो भने आ.व.०७९।८० मा ८० हजार लाई कायम राखी र ०८०।८१ मा १० प्रतिसतले वृद्धि हुदै जाने अनुमान गरिएको छ ।

छ) जडीबुटी, कवाडी जीवजन्तु कर

उपमहानगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड , सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत उपमहानगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउनेछ । जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र नेपालकै महत्वपूर्ण औधोगिक क्षेत्र मध्य एक भएकोले यसक्षेत्रभित्र रहेका साना ठुला उधोगहरु बाट उत्पादित अन्तिम उत्पादन (finished goods) बाहयकका अन्य सम्पूर्ण बस्तुहरु कवाडी अन्तर्गत पर्ने देखिन्छ । जस अन्तर्गत बस्तु उत्पादन गर्दा उत्पादन प्रक्रिया बाट निस्कने अन्तिम बस्तु बहायककका कवाडी उत्पादित तथा उत्पादन कार्यमा प्रयोग हुने कच्चा पदार्थ आयात गर्दा प्याकिंग तथा अन्य फालिने बस्तुहरु लाई कवाडी बस्तु मानि ति बस्तुहरुको बिक्रीमा कर लगाउनु पर्ने देखिन्छ । हाल यस जितापुरसिमरा उपमहानगरपालिकाले यस कर बापत पनि ठुलो रकम करको रुपमा उठाउदै आयको छ. यस शिर्षक अन्तर्गत आ.व. २०७९/०८० को लागि २ करोड ५६ लाख लाई आधार मानि २०८०/०८१ देखी १० प्रतिशतका दरले बृद्ध हुदैजाने देखिन्छ

### ३.३.२ गैर राजश्व

क) अन्य सेवा शुल्कहरु

जीतपुरसिमरा उपमहानगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरुलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप नगरसभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरु संकलन गरिरहेको छ । यस अन्तर्गत अगामी आ.व.मा प्राप्त हुने रकम विगत आ.व.को औसत वृद्धि, उपमहानगरपालिकाको जनसंख्या तथा घरधुरीका आधारमा अनुमान गरिएको छ ।

ख) दस्तुरहरु

यस अन्तर्गत उपमहानगरपालिकाले प्रदान गर्ने संघसंस्था ,समुह तथा व्यवसाय संचलान दर्ता ठाउँसरी अद्यावधि र बन्द सिफारिस , इजाजत सिफारिस, जन्म तथा मृत्यु (३५ दिन पछि),विवाह दर्ता ,सम्वन्ध विच्छेद ,मिलापत्र

कागज ÷उजुरी दर्ता,नाता प्रमाणित,ठेगाना प्रमाणित,घरजग्गा नामसारी,घरजग्गाको चारकिल्ला सिफारिस,वैदेशिक कामकाज र योजना तथा कार्यक्रमको लागि सिफारिस लगायतका अन्य विभिन्न सिफारिसहरु गरे वापत लिईने दस्तुर पर्दछ, जुन उपमहानगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । जीतपुरसिमरा उपमहानगरपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ । उक्त शिर्षक अन्तर्गत उठदै आयका रकम आगामी आ.व.हरुमा क्रमशः ५ देखि १० प्रतिसतले बढ्दै जाने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

उपमहानगरपालिकाले हाल कायम गरेका  सेवा शुल्क दस्तुरका कतिपय शिर्षकहरुमा परिमार्जनको आवश्यकता देखिएको छ ।

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।
- त्यसै गरी उपमहानगरपालिकाबाट गरिने सिफारिसलाई “एक पटक दिने र वारम्बार दिने” गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

ग) घरनक्सा पास दस्तुर

**तालिका नं. १२ घरनक्सा पास दस्तुर**

| राजस्वको शिर्षक | औसत करको दर | अनुमानित करदाता संख्या | अनुमानित राजस्व |
|---|---|---|---|
| घर नक्सापास | २०००० | १५० | ३०००००० |
| अभिलेखिकरण | ५००० | १००० | ५०००००० |
| **जम्मा** | | **११५०** | **८,०००,०००** |

जीतपुरसिमरा उपमहानगरपालिकाले नक्सा पास वापत गत आ.व.२०७८।०७९ मा ३५ लाख १० हजार राजस्व प्राप्त गरेको थियो भने आगामी २०७९।०८० मा ८० लाख राजस्व प्राप्त हूने अनुमान गरिएको छ । भने आ.व.०८०।८१ मा ७ देखि १० प्रतिसतले वृद्धि हुदै जाने अनुमान गरिएको छ । यसका लागि उपमहानगरपालिका क्षेत्रभित्र निर्माण हुने कुनै पनि भौतिक संरचना नक्सा पास गरिमात्र निर्माण गर्नु पर्ने र पुराना भवन संरचनाहरुलाई नियमित गर्ने नीति कडाइका साथ पालना गर्नु पर्ने देखिन्छ ।

सुधारका पक्षहरू:

- घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।

- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने।

# परिच्छेद —चार संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा उपमहानगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले उपमहानगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परामर्श सम्वन्धि नीति

उपमहानगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेस गरेको थियो । पुनर्संरचित उपमहानगरपालिकाको संवैधानिक व्यवस्थाको आधारमा उपमहानगरपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि नगरसभाले सो दर स्वीकृत गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी नगरसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो । आर्थिक प्रशासन तथा राजस्व परिचालन नीतिः

- राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर,
- बहालविटौरी कर, घरजग्गा क, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर,
- प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड,
- संकलन र नियमन, अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड
- तथा नियमन र सोको संङ्कलन तथा बाँडफाँड
- आफ्नो क्षेत्रभित्र राजश्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानुन बमोजिम प्राकृतिक
- श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संङ्कलन, समन्वय र नियमन
- स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन,
- शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन)
- मालपोत संकलन
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको
- सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी संङ्कलन
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, ¥याफ्टिङ्ग शुल्क
- सामुदायिक वनको संञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संङ्कलन
- पानीघट्ट, कुलो, पैनी जस्ता सेवा संञ्चालनबाट प्राप्त रोयल्टी संङ्कलन

## ४.२ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल उपमहानगरपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ -

- स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- राजस्वसम्बन्धी कामकाजका लागि प्रशासनिक रुपमा राजस्व उपशाखा गठन भई काम गरिरहेको।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रयाप्त नरहेको ।
- राजस्व संकलन कार्यका लागि उपमहानगरपालिका तथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्टवेयर जडान भएको ।
- राजस्व संकलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको।
- वडा कार्यालयहरूले संकलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको।

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरु

उपमहानगरपालिकाको आय परिचालनमा सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ -

क) कर संकलन सामथ्र्यको अभिवृद्धि संविधान÷कानुनद्वारा अख्तियारप्राप्त तथा उपमहानगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल करजस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैन । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा कृयाकलाप पहिचान गरिएअनुरुप तिनीहरको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

ख) आर्थिक ऐनमा सुधार उपमहानगरपालिकाको आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । उपमहानगरपालिकाको जे.सी.बी. तथा अन्य यन्त्रउपकरण जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सवैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउने आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ ।

ग) तथ्याङ्कमा आधारित अभिलेख आन्तरिक आयमा वृद्धिका लागि आन्तरिक आयका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । यस अन्तर्गत नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत

सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा हरेक वर्ष अद्यावधिक गर्नुपर्ने जस्ता विषयहरू समावेश रहन्छन् । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

घ) कार्यविधि तर्जुमा आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी उपमहानगरपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन्।

ङ) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

च) सामाजिक—आर्थिक अवस्था र कर संकलन सामथ्र्यबीचको सामञ्जस्यता स्थानीय स्तरमा आजआर्जनका अवसरहरूको कमी रहेको छ । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । जनसंख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरु थपिनु समस्याका रुपमा रहन सक्दछ । अर्कातर्फ, कानुनले अधिकार दिएका क्षेत्रहरूमा कर संकलन नगर्दा नगरपालिकाले कर संकलन सामथ्र्य कमजोर देखिन सक्ने भएकाले सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई अपनाउने ।

छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद—पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको जीतपुरसिमरा उपमहानगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाको स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा उपमहानगरपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ राजश्व सुधार कार्ययोजना

यस अध्ययनबाट देखिएका राजस्वका संभावनाहरुलाई कार्यान्वयन गरी जीतपुरसिमरा उपमहानगरपालिकाको राजस्वमा सुधार ल्याउनको लागि देहाय बमोजिमका सुधार कृयाकलापहरु संचालन गर्न प्रस्ताव गरिएको छ ।

**तालिका नंः १३ राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| कर तथा गैह्र कर राजश्व | | | |
| सम्पत्ति कर | - करको दरेरेटलाई सुक्ष्म अध्ययन गरी व्यवस्थित र वैज्ञानिक बनाउने ।करको दरेरेटलाई सुक्ष्म अध्ययन गरी व्यवस्थित र वैज्ञानिक बनाउने ।<br>- वडा कार्यालयबाट समेत कर लिन सक्ने अवधारणा अनुसार नेटवर्किङमा आधारित वेभवेस्ड सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>- नया वडाहरुमा थप जनचेतना कार्यक्रम संचालन गर्ने<br>- सम्पत्तिको यथार्थ विवरण संकलन नियमित अद्यावधिक गर्ने<br>- सम्पत्तिको मुल्याङकनको आधारमा करको दर निर्धारण गर्ने | हरेक आ.वा को असोज मसान्त भित्र सम्पत्ति कर लिने र नबुझाए केहि मात्रामा जरिवाना लिने | उपमहानगरपालिका , राजश्व परामर्श समिति, वडा कार्यालयहरु र नगरसभा |
| व्यवसाय रजिष्ट्रेसन तथा नविकरण दस्तुर कर तथा | - उद्योग वाणिज्य संघसँग समन्वय गरी व्यवसायीहरुको वर्गीकरण गर्दै व्यवसायको प्रकृति हेरी करको दायरामा ल्याउने<br>- नगरपालिकाभित्र रहेका व्यवसायीहरुको तथ्यांक लिने र अद्यावधिक गर्ने(फिल्ड अनुगमन गरी)<br>- व्यवसायीहरुलाई कर सम्बन्धी १ दिने अभिमुखीकरण आयोजना गर्ने | नयाँ आ.व सुरु हुने वित्तिकै व्यवसाय रजिष्ट्रेसन | राजश्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजश्व उपशाखा, नगर सभा , वडा कार्यालयहरु |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| व्यवसाय कर | - दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>- निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको ब्यवस्था गर्ने<br>- कर छुट तथा सहुलियतको व्यवस्था गर्ने<br>- अनलाईन भुक्तानिको व्यवस्था मिलाउने<br>- वडा वडामा कर शिविर संचालन गर्ने ।<br>- रजिष्ट्रेशन गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्न वडा वडामा शिविर संचालन गर्ने र त्यहि शिविरमा व्यवसाय रजिष्ट्रेसन गरि प्रमाण पत्र दिने<br>- प्रकृति अनुसार वर्गिकरण कर दर्ता तथा नविकरण दस्तुर निर्धारण गर्ने<br>-व्यवसाय करको दर परिमार्जन गर्ने । | लागि स्थलगत सर्वेक्षण र हरेक आ.व को असोज मसान्त भित्र प्रकृति हेरि दर्ता/नविकरण तथा अद्यावधिक शुल्क निर्धारण गर्ने | |
| घर वहाल कर | - घरधुरी संकलन तथा नम्वरीङ गर्ने<br>- घर भाडामा लगाएका घरहरु पहिचान गरी सूचिकृत गरी करको दायरामा ल्याउने ।<br>- घर तथा जग्गाको न्यूनतम वहाल दर निर्धारण गर्ने | नयाँ आ.व सुरु हुने वित्तिकै स्थलगत सर्वेक्षण र हरेक आ.व को असोज मसान्त भित्र नविकरण | राजश्व शाखा,राजश्व परामर्श समिति, वडा कार्यालयहरु |
| सवारी कर | - दर्ता ,अनुमति तथा अद्यावधिक शुल्क निर्धारण गर्न<br>- संचालनको अनुमति र रुट परमिट निर्धारण | नयाँ आ.व सुरु हुने वित्तिकै | उपमहानगरपालिका ,राजश्व शाखा,राजश्व परामर्श समिति |
| विज्ञापन कर | - नगरपालिकाको विद्यमान विज्ञापन सामाग्री र त्यस सम्बन्धी बिषयको अध्ययन गर्ने<br>- विज्ञापन करको कार्यविधि तर्जुमा ,वर्गिकरण, सामाग्री र आकार बमोजिम शुल्क निर्धारण गर्ने<br>- विज्ञापन एजेन्सीसँग समन्वय गरी क्षेत्र तथा करको दायरामा ल्याउने । | नयाँ आ.व सुरु हुने वित्तिकै | उपमहानगरपालिका ,राजश्व शाखा,राजश्व परामर्श समिति |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| वहाल विटौरी शुल्क | -सरकारी जग्गाहरु, सरकारी जग्गामा बनेका संरचनाको अभिलेख तयार गरी वार्षिक ठेक्का लगाउने ।<br>- लालपुर्जा तथा आवश्यक कागजात नभएको जग्गामा निर्माण भएको संरचनाको विवरण संकलन गर्ने | नयाँ आ.व सुरु हुने वित्तिकै | राजश्व परामर्श समिति, कार्यपालिका |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | - सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>- मूल्यांकन शुल्क दर पुनरावलोकन गर्ने (वैदेशीक र वैंकिङ प्रयोजन को रुपमा वर्गिकरण) । | आ.व. २०८०/८१ भित्र | राजश्व परामर्श समिति, |
| पर्यटन सेवा शुल्क | - पर्यटन विकासको प्रचुर सम्भावना बोकेको धार्मिक मठमन्दिर तथा स्थलहरुको विकास तथा विस्तार गरि विकास तथा पर्यटकीय सेवाहरुको व्यवस्थापन गरि सेवा शुल्क लगाउने ।<br>- स्थानिय ,राष्ट्रिय तथा अन्तराष्ट्रिय नागरिकहरुलाई फरक फरक शुल्क निर्धारण गर्ने | नयाँ आ.व सुरु हुने वित्तिकै | राजश्व उपशाखा, प्रशासन शाखा, कार्यपालिका |
| वन पैदावार | - सामुदायिक वन तथा वनपैदावार बिक्रि वितरण सम्बन्धी तथ्याङक संकलन तथा अद्यावधिक गर्ने | नयाँ आ.व सुरु हुने वित्तिकै | राजश्व उपशाखा, प्रशासन शाखा, कार्यपालिका |
| मनोरञ्जन कर | - विभिन्न किसिमका मनोरञ्जनका क्रियाकलापहरुको संचालन गरेवापत दर्ता नविकरण प्रवेश शुल्कको निर्धारण | आ.व. २०८०/८१ भित्र | उपमहानगरपालिका |
| नक्सा पास दस्तुर | - नक्सापास प्रकृयालाई मापदण्ड बनाई कार्यान्वयन गर्ने<br>- सेवामुलक संस्थाहरुलाई केहि सहुलियत प्रदान गर्ने<br>- भवनको वर्गिकरण अनुसार करको शुल्क निर्धारण गर्ने<br>- नियमित अनुगमन र दण्ड जरिवाना लगाउने व्यवस्था गर्ने । | नयाँ आ.व सुरु हुने वित्तिकै | घरनक्सा पास उपशाखा |
| पार्किङ शुल्क | - पार्किङ स्थल पहिचान गर्ने ।<br>- प्राथमिकताको आधारमा पार्किङ स्थलहरुको डिजाईन र निर्माण गर्ने | नयाँ आ.व सुरु हुने वित्तिकै | उपमहानगरपालिका , राजश्व शाखा |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - पार्किङ असुली विधि तय गर्ने साथै त्यहि अनुरुप पार्किङ शुल्क निर्धारण गर्ने | | |
| अन्य कर, दस्तुर तथा सेवा शुल्क | - नीति बनाउने,सेवाको वर्गीकरण गर्ने ।<br>- सेवा प्रदान गर्दा अनिवार्य सम्पत्ति करको विल भरपाई पेश गर्नुपर्ने व्यबस्था गर्ने ।<br>- जग्गाको अव्यवस्थित खण्डिकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>- कल कारखाना, होटल व्यावसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा मापदण्ड बनाई थप सेवा शुल्क लिने ।<br>- प्राकृतिक श्रोत तथा वन जन्य बस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकारसँगको समझदारीमा संचालन गर्ने । | आ.व. २०८०-८१ प्रकृति हेरि शुल्क निर्धारण भित्र | उपमहानगरपालिका, राजश्व शाखा, वडा कार्यालयहरु |
| **-ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन | - नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुहरुको अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बद्र्धन गर्ने, सो को परिचालन संभाव्यता अध्ययन गर्ने । | नयाँ आ.व सुरु हुने वित्तिकै सार्वजनिक सम्पत्तिको परिचान र अभिलेखिकरण गर्ने | प्रमुख प्रशासकीय अधिकृत,वडा कार्यालयहरु |
| नगरपालिकाले निर्माण गरेका उद्यान, पार्कहरुमा | - निर्माण, मर्मत, सुधार /नयाँ उद्यान र पार्क निर्माण गर्ने । | निरन्तरता रुपमा | उपमहानगरपालिका र निजी क्षेत्र |
| सार्वजनिक जग्गाको उपयोग ( सरकारी जग्गा, भवन) | - सटर निर्माण गरी व्यापारी प्रयोजनमा भाडामा दिने र फुल नर्सरी गर्ने । | आ.व. २०८०/८१ भित्र स्थलगत सर्भेक्षण गरी उपमनपा क्षेत्र भित्र रहेको सार्वजनिक | उपमहानगरपालिका , वडा कार्यालयहरु, निजी क्षेत्र र सम्वन्धित सरोकार पक्षहरु |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | जग्गाको तथ्यांक संकलन गर्ने | |
| सार्वजनिक निजी साझेदारी | - हाल देखिएका सम्भावित क्षेत्रहरुः फोहर मैला व्यवस्थापन, बैकल्पिक उर्जा, ...बस संचालन र थप अन्य क्षेत्रहरुको विस्तृत अध्ययन गर्ने | निरन्तर | उपमहानगरपालिका |
| कृषि व्यवसायी | - निजी क्षेत्र सँग अन्तरक्रिया र खाका तयार गर्ने | आ.व. २०८०/८१ भित्र | उपमहानगरपालिका |
| निजी विद्यालय | - नीति तर्जुमा तथा योजना तयारी गर्ने | १ वर्ष | उपमहानगरपालिका,वडा कार्यालयहरु |
| - ग. राजश्व प्रशासन | | | |
| नीतिगत व्यवस्था | - राजश्व सुधार कार्ययोजना लगायत राजश्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगरसभाबाट पास गर्ने ।<br>- पुरस्कार र दण्डको व्यवस्था गर्ने ।<br>- घर निर्म्माण सम्पन्नता जानकारी , नक्सा र करसँग Linkage गर्ने | आ.व. २०८०/८१ भीत्र | प्रमुख प्रशासकीय अधिकृत नगरसभा |
| सांगाठनिक व्यवस्था | - राजश्व बिज्ञको अल्पकालिन सेवा लिने<br>- राजश्व शाखाको स्थापना गरी दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,<br>- क्षमता बिकास र प्रविधीको उपयोग गर्ने ।<br>- राजश्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरु (कार्य स्थल, फर्निचर, कम्प्युटर, सफ्फट्वेयर आदी) मा बृद्धि गर्ने । | नयाँ आ.व को भाद्र र असोज मसान्तमा | राजश्व परामर्श समिति प्रशासन शाखा |
| राजश्व संकलन तथा अभिलेख | - राजश्व अभिलेखमा नयां वडाहरु समेतको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>- राजश्व प्रशासनमा सबै सेवाहरु सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | नयाँ आ.व सुरु हुने वित्तिकै | उपमहानगरपालिका , वडा कार्यालयहरु र कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सूचना तथा पारदर्शिता | - सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने । नगरपालिका र वडामा करको दररेट सहित नागरिक वडापत्र राख्ने । | मासिक रुपमा | उपमहानगरपालिका/प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवहरु |
| प्रविधि/स्रोत साधन | - सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने । नगरपालिका र वडामा करको दररेट सहित नागरिक वडापत्र राख्ने ।<br>- छिटो छरितो रुपमा कार्य सम्पादन गर्न आधुनिक प्रविधिको प्रयोग गर्ने। (Software, Control Mechanism, Automatic System, Internet, Record Maintain and GIS System) | नयाँ आ.व सुरु हुने वित्तिकै | उपमहानगरपालिका/प्रमुख प्रशासकीय अधिकृत /शाखा प्रमुख |
| जनशक्ति | - उपलब्ध जनशक्तिको क्षमता बिकास<br>- कर्मचारी थप गर्ने | आ.व सुरु हुने वित्तिकै | उपमहानगरपालिका/प्रमुख प्रशासकीय अधिकृत /शाखा प्रमुख |
| जनचेतना/प्रचार प्रसार | - राजश्व संकलनको लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने । | निरन्तर | सुचना अधिकृत ,शाखा प्रमुख |
| पारदर्शिता | - संकलन गरिएका राजश्व रकम पारदर्शी ढंगबाट आय/व्यय विवरण राख्ने व्यवस्था गर्ने ।<br>- नियमन र अनुगमन प्रत्यक चौमासिकमा आय ब्ययको सार्वजनिककरण गर्ने । | निरन्तर आ.व सुरु देखि अन्त सम्म | राजश्व शाखा/ आर्थिक प्रशासन शाखा ,राजश्व परामर्श समिति |
| अनुगमन | - अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>- निर्धारित दर अनुसार राजश्व संकलन भए नभएको<br>- उपमहानगरपालिकाले लिएको नीति अनुसार कार्य भए नभएको<br>- कर असुली प्रकृया सरलिकृत तथा न्यायोचित भए नभएको | प्रत्येक तीन महिनामा | उपमहानगरपालिका/प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालयहरु/ वडा सचिवहरु |
| समिक्षा तथा प्रोत्साहन | - प्रत्येक चौमासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने र कार्यपालिका बैठकमा समिक्षा गर्ने ।<br>- प्रत्येक छ महिनामा कर्मचारी सहित समिक्षा गर्ने । | निरन्तर | उपमहानगरपालिका/प्रमुख प्रशासकीय अधिकृत , नगरसभा, वडा कार्यालयहरु |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - वार्षिक रुपमा करदाताहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>- करदातालाई सम्मान गर्ने (बढि कर तिर्नेलाई)<br>- राम्रो काम गर्ने जनप्रतिनिधी तथा कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरि प्रोत्साहन दिने) | | |

# परिच्छेद —छ आगामी तिन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा उपमहानगरपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । यसले उपमहानगरपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ

## ६.१ राजश्व सुधार कार्ययोजनाको आधारमा राजश्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात आगामी तीन वर्ष (आ.व. २०८०।८१ देखि २०८२।८३) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूकोआय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविश्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

**तालिका नं. १४ आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार**

| राजस्व संकेत | राजस्व शिर्षक | कुल सम्भाव्यता (रु हजा रमा) | आय प्रक्षेपणका आधारहरू | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| ११३१३ | एकिकृत सम्पत्ति कर | २०७१७ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १८६४५ |
| ११३१४ | मालपोत वा भूमिकर | ८५२० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले घट्दै जाने | ७६६८ |
| ११३२२ | वहाल विटौरी कर | ८००० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ८ प्रतिशतले बढ्दै जाने | ८००० |
| ११६३२ | कवाडी कर | २५६०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २३०४० |
| ११३२१ | घरवहाल कर | १७७१३ | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने | १५०५६ |
| ११६११ | व्यवसाय कर तथा व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३८५६ | कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा ६ प्रतिशतले बढ्दै जाने | २८९२ |

| | | | | |
|---|---|---|---|---|
| | विज्ञापन कर | ५०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४५० |
| ११४७९ | अन्य मनोरन्जन कर | १० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ८ |
| १४२४९ | अन्य दस्तुर | १००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ९०० |
| ११६३१ | कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर | २०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ६ प्रतिशतले बढ्दै जाने | १६० |
| १४२१६ | निजि धारा वापतको शुल्क | ५० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा ६ प्रतिशतले बढ्दै जाने | ३० |
| ११४५१ | सवारी साधन कर(साना सवारी) | ५० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २५ |
| १४२२१ | न्यायिक दस्तुर | ५ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ८ प्रतिशतले बढ्दै जाने | ५ |
| ११६९१ | अन्य कर | १५० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७५ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ४० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने | ३२ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ७५ | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४५ |
| १४२१८ | विद्युत सेवा शुल्क | ५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ८ प्रतिशतले बढ्दै जाने | ५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा ८ प्रतिशतले बढ्दै जाने | ७२०० |

| | | | | |
|---|---|---|---|---|
| १४२४१ | पाकिङ्क शुल्क | ५०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ८ प्रतिशतले बढ्दै जाने | ४०० |
| १४२४२ | नक्सा पास दस्तुर | ८००० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ८ प्रतिशतले बढ्दै जाने | ८००० |
| १४२४३ | सिफारिस दस्तुर | ८५०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७६५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३५० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २८० |
| १४२२४ | परिक्षा शुल्क | ८५ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८५ |
| १४५२९ | अन्य राजश्व | १०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ६० |
| १४६११ | व्यवसाय कर | १००० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा ६ प्रतिशतले बढ्दै जाने | ६०० |
| | **ख. राजश्व बाँडफाँड** | | | |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | | आ.ब. २०७९।८० का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ६५००० |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | | | १००००० |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | | | ४०००० |
| | बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | | | ४३५ |
| १४१५३ | बाँडफाँड भई प्राप्त बन रोयल्टि | | | १५००० |
| ११४५६ | बाँडफाँड भई प्राप्त हुने सवारी कर | | | २०००० |

| | | | | |
|---|---|---|---|---|
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | | | ६५००० |
| | **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | |
| | **संघीय सरकार** | | | |
| १३३११ | संघिय समानिकरण अनुदान | | आ.ब. २०७९।८० का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ३०७८०० |
| १३३१२ | संघिय सर्शत अनुदान चालु | | | ४३६२०० |
| | संघ सर्शत अनुदान पुँजिगत | | | ५०७०० |
| १३३१४ | संघिय विशेष अनुदान पुँजिगत | | | १६६०० |
| १३३१६ | संघिय समपुरक अनुदान चालु | | | |
| | **प्रदेश सरकार** | | | |
| १३३११ | प्रदेश समानिकरण अनुदान | | आ.ब. २०७९।८० का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | २०००० |
| १३३१२ | प्रदेश सर्शत अनुदान चालु | | | २४१७५ |
| १३३१४ | प्रदेश बिशेष अनुदान चालु | | | ७५००० |
| १३३१६ | प्रदेश समपुरक अनुदान चालु | | | ५००० |

### ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी उपमहानगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार पालिकाको आय वृद्धि हुने देखिन्छ ।

## तालिका नं. १५ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

रु. हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | कुल सम्भाव्यता | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ११११३१ | सम्पत्ति ,बहाल तथा पट्टि वापतको आयमा लाग्ने कर | ४५७२ | | | | |
| ११३१३ | एकिकृत सम्पत्ति कर | ७४६६ | १८६४५ | २०५०९ | २२५६० | २४८१६ |
| ११३१४ | मालपोत वा भूमिकर | ८०८३ | ७६६८ | ६९०१ | ६२११ | ५५८९ |
| ११३२२ | वहाल विटौरी कर | १५५२८ | ८००० | ८६४० | ९३३१ | १००७८ |
| ११६३२ | कवाडी कर | | २३०४० | २५३४४ | २७८७८ | ३०६६६ |
| ११३२१ | घरवहाल कर | १६५८१ | १५०५६ | १६१०९ | १७२३८ | १८४४४ |
| ११६११ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | २८९२ | ३०६५ | ३२४९ | ३४४४ |
| | विज्ञापन कर | | ४५० | ४९५ | ५४५ | ५९८ |
| ११४७९ | अन्य मनोरन्जन कर | | ८० | ८४ | ८८ | ९३ |
| १४२४९ | अन्य दस्तुर | ५०४३ | ९०० | ९९० | १०८९ | ११९८ |
| ११६३१ | कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर | | १६० | १६९ | १८० | १९० |
| १४२१६ | निजि धारा वापतको शुल्क | २८ | ३० | ३२ | ३४ | ३६ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५७६ | ७२० | ७७८ | ८४० | ९०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४३१२ | प्रशासनिक दण्ढ जरिवाना | | ५०० | ५३० | ५६२ | ५९५ |
| ११४५१ | सवारी साधन कर(साना सवारी) | | २५ | २७ | ३० | ३३ |
| १४२२१ | न्यायिक दस्तुर | २१ | ५ | ६ | ७ | ८ |
| ११६९१ | अन्य कर | | ७५ | ८३ | ९१ | १०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | ३२ | ३४ | ३७ | ३९ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | ४५ | ४९ | ५४ | ६० |
| १४२१८ | विद्युत सेवा शुल्क | | ५० | ५४ | ५८ | ६३ |
| १४२४१ | पाकिङ्ग शुल्क | १६७१ | ४०० | ४३२ | ४६७ | ५०४ |
| १४२४२ | नक्सा पास दस्तुर | ३५११ | ८००० | ८६४० | ९३३१ | १००७८ |
| १४२४३ | सिफारिस दस्तुर | ५६६९ | ७६५० | ८४१५ | ९२५६ | १०१८२ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७१० | ३००० | ३३०० | ३६३० | ३९९३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५०० | २८० | ३०८ | ३३९ | ३७३ |
| १४२२४ | परिक्षा शुल्क | १८ | ८५ | ९४ | १०३ | ११३ |
| १४५२९ | अन्य राजश्व | ६९८ | ६० | ६३ | ६६ | ६९ |
| १४६११ | व्यवसाय कर | ३७२३ | ६०० | ६३६ | ६७४ | ७१५ |
| जम्मा आन्तरिक | | ७४३९८ | ९८४४८ | १०५७८७ | ११३९४८ | १२२९८४ |
| ११३१५ | राजश्व बाँडफाँड | | | | | |
| ११४११ | संघिय राजश्व बाँडफाँड | २०३३९३ | | | | |
| ११४२१ | प्रदेश राजश्व बाँडफाँड | १७८४ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घरजग्गा रजिष्टेशन दस्तुर | | ६५००० | ६८२५० | ७१६६३ | ७५२४६ |
| १४१५३ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | | १००००० | १०५००० | ११०२५० | ११५७६३ |
| ११४५६ | बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | | ४०००० | ४२००० | ४४१०० | ४६३०५ |
| १४१५७ | बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | | ४३५ | ४५७ | ४७९ | ५०४ |
| ११३१५ | बाँडफाँड भई प्राप्त बन रोयल्टि | | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने सवारी कर | | १५००० | १५७५० | १६५३८ | १७३६४ |
| ११४२१ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | | २०००० | २१००० | २२०५० | २३१५३ |
| जम्मा राजश्व बाँडफाँड | | २०५१७७ | २४०४३५ | २५२४५७ | २६५०८० | २७८३३५ |
| | वित्तीय हस्तान्तरण तथा अनुदान | | | | | |
| | संघीय सरकार | | | | | |
| १३३११ | संघिय समानिकरण अनुदान | २९७५०० | ३०७८०० | ३२३१९० | ३३९३४९ | ३५६३१७ |
| १३३१२ | संघिय सर्शत अनुदान चालु | ४६८६१५ | ४३६२०० | ४८६३६० | ५१०६७८ | ५३६२१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संघ सर्शत अनुदान पुँजिगत | ४७३५० | ५०७०० | ५३२३५ | ५५८९७ | ५८६९२ |
| १३३१४ | संघिय विशेष अनुदान चालु | | १६६०० | १७४३० | १८३०१ | १९२१६ |
| १३३१६ | संघिय समपुरक अनुदान चालु | | | | | |
| जम्मा संघिय अनुदान | | ८१३४६५ | ८११३०० | ८८०२१५ | ९२४२२५ | ९७०४३७ |
| | प्रदेश सरकार | | | | | |
| १३३११ | प्रदेश समानिकरण अनुदान | २०८०५ | २०००० | २१००० | २२०५० | २३१५३ |
| १३३१२ | प्रदेश सर्शत अनुदान चालु | १०००० | २४१७५ | २५३८४ | २६६५३ | २७९८५ |
| १३३१४ | प्रदेश बिशेष अनुदान चालु | ७५०० | ७५०० | ७८७५ | ८२६९ | ८६८२ |
| १३३१६ | प्रदेश समपुरक अनुदान चालु | ५००० | ५००० | ५२५० | ५५१२ | ५७८८ |
| जम्मा प्रदेश अनुदान | | ४३३०५ | ५६६७५ | ५९५०९ | ६२४८४ | ६५६०८ |
| कुल जम्मा | | ११३६३४६ | १२०६८०१ | १२९७९०८ | १३६५६७१ | १४३७२९४ |

## परिच्छेद—सातः अपेक्षित नतिजा

सारांशमा राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यान्वयन पश्चात् उपमहानगरपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ ।

**तालिका नं. १६ प्रक्षेपित आय संरचना**

रु. हजारमा

| क्र. सं. | राजस्व शिर्षक | कुल सम्भाव्यता | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| १ | आन्तरिक आय | ९८४४८ | १०५७८७ | ११३९४८ | १२२९८४ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | २४०४३५ | २५२४५७ | २६५०८० | २७८३३५ |
| ३ | संघिय सरकार | ८११३०० | ८८०२१५ | ९२४२२५ | ९७०४३७ |
| ४ | प्रदेश सरकार | ५६६७५ | ५९५०९ | ६२४८४ | ६५६०८ |
| | **जम्मा** | **१२०६८५८** | **१२९७९६८** | **१३६५७६७** | **१४३७३६४** |
| कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशतमा) | | ८.१५ | ८.१५ | ८.३४ | ८.५७ |

प्रस्तुत विवरणले उपमहानगरपालिकाको आन्तरिक आय आगामी आर्थिक वर्ष २०८०।०८१ मा १० करोड ५७ लाख बराबर हुने अनुमान गरिएको छ, जुन कुल आय को ८.१५ प्रतिशत हुन आँउछ । यो रकम संकलन गर्न पनि उपमहानगरपालिकाले बर्तमान संरचना तथा ब्यवस्थापन प्रणालीमा सुधार गरी परिवर्तन गर्न आवश्यक देखिन्छ । उपमहानगरपालिकाले यस तर्फ निम्न कदम चाल्नुपर्ने देखिन्छ -

- आय संकलनको लागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण
- राजश्व परामर्श समितिको परिचालन
- राजश्व शाखाको क्षमता विकास

# परिच्छेद—आठः अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार संचालन ऐनको ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजश्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुको लागि आवश्यक आधार हुनेछ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणको लागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षका ेलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

(क) कार्यालय स्तरको अनुगमनः

यो स्तरको अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

(ख) राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गरिन्छ ।

(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः

कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरीन्छ ।

(घ) वाह्य अनुगमन तथा मूल्यांकनः

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजश्व प्रशासनसंग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

## ८.१ निष्कर्ष र सुझाव

उपमहानगरपालिकाहरुले स्थानीय सरकारको रुपमा अधिकार प्राप्त गरेका छन् । उपमहानगरपालिकाको सन्दर्भमा हालको परिवर्तित व्यवस्था अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने सुधारका कृयाकलापहरुको पहिचान, पहिचान गरिएका कृयाकलापको कार्यान्वयन सुनिश्चितताका लागि स्पष्ट कार्ययोजनाका साथमा अगामी आर्थिक वर्षहरुमा संकलन हुन सक्ने राजस्वको प्रक्षेपणलाई यस प्रतिवेदनले समेटेको छ । राजस्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड भई आएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दा केन्द्र सरकार र स्थानीय सरकार बीच र प्रदेश सरकार र स्थानीय सरकार बीच हुने राजस्व बाँडफाँडलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट आगामी आ.ब. २०७८।७९ का लागि प्रदान गरिएको बजेट सिमालाई आधार मानिएको छ । उपमहानगरपालिकालाई राजस्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएता पनि उपमहानगरपालिकाको दायरा अधिक देखिदैन । उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिन्छ । सिमित साधन र श्रोतका कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरुको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । नगरपालिकाले प्रभावकारी संकलनमा प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरु निम्नानुसार छन् -

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- व्यवसाय कर
- नक्सापास दस्तुर
- व्यवसाय रजिष्ट्रेशन दस्तुर
- सवारी साधन कर
- वन पैदावार
- मनोरञ्जन कर
- विज्ञापन कर

त्यसैगरी उपमहानगरपालिकाले राजस्व बृद्धि एवं करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छ ः

- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा सुदृढिकरण गर्ने ।

- तथ्यांक संकलन र अद्यावधिकरण गर्ने ।
- बहाल विटौरी करका क्षेत्रहरुको ठेक्का निर्धारण गर्ने ।
- करदाताहरूलाई नियमित रुपमा पत्र वा विद्युतिय सूचना पठाउने ।
- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, वैज्ञानिक लेखा प्रणालीको ब्यवस्थापन र स्थीर सम्पत्तिहरूको संरक्षण र परिचालन गर्ने ।

थप सुझावहरु

- व्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने
- उपयुक्त स्थानमा सटर निर्माण गरी भाडामा दिन सकिने ।
- निजी विद्यालयको तथ्यांक लिने तथा अद्यावधि गर्ने ।
- Billing System को विकास ( जस्तैः SMS / Mobile System) गर्ने ।
- राजस्वलाई उपमहानगरपालिकाको सेवा प्रणालीमा आवद्ध गर्ने र सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- राजस्व प्रशासन सम्बनधी कार्य क्रमशः विकेन्द्रिकरण गर्दै लैजाने ।
- प्रकृति छुट्याई कर दर तथा शुल्क निर्धारण गर्ने
- सार्वजनिक जग्गा तथा सम्पत्तिको तथ्यांक संकलन पहिचान तथा अभिलेखीकरण
- नीति कार्यक्रम तथा बजेट मार्फत व्यवसायमैत्री वातावरणको सिर्जना गर्ने र गराउने
- निजी क्षेत्र र विभिन्न दातृ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई उपमहानगरपालिकाको वहुवर्षिय तथा वार्षिक कार्यक्रमसँग आवद्ध गरी स्रोत परिचालन गर्ने ।
- उपमहानगरपालिकाले संचालन गर्दै आएका सम्भाव्य आयोजनाहरुको निर्माण, मर्मत तथा संंचालनमा निजी क्षेत्रको सहभागिता बढाउंदै लैजाने ।
- उपमहानगरपालिकाको कर प्रणाली र खर्च प्रणालीलाई क्रमशः कम्प्यूटर सफ्टवयर प्रणालीमा लैजाने ।
- प्रविधिको उच्चतम प्रयोग गर्ने
- पालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा तथा मठमन्दिरसँग रहेको सार्वजनिक जग्गाहरुलाई व्यवस्थित गरी व्यावसायिक रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।

राजस्व अभिबृद्धिका लागि वडागत रुपमा प्राप्त सुझावहरु

- आवास क्षेत्र तथा व्यापारिक क्षेत्रको श्रेणि विभाजन गरि घर बहाल कर उठाउन सकिने,
- व्यवसायीहरुलाई करको दायरामा ल्याई कर तिर्न लनगरने नतिर्नेलाई दण्ड तथा जरिवाना लनगरने
- व्यवसाय दर्ता भए नभएको अनुगमन गर्ने,
- तरकारी फलफुल तथा दुध संकलन केन्द्रको स्थापना गर्न सकिने,
- पिकनिक स्थल तथा पार्क निर्माण गर्ने,
- वडा वासिलाई करको वारेमा जानकारी दिने र नतिर्ने लाइ दण्ड तथा जरिवाना सम्म लनगरने,
- सबै व्यबसायीहरुलाई करको दायरामा ल्याउन सकिने,

- कर तथा राजस्व सम्बन्धि जनचेतना जनगरने कार्यक्रम गर्ने
- निजी विद्यालयलाई कर उठाउने कार्यको कार्यान्वयन गर्न्ने ,
- अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्ने,
- न्यूनतम भाडादर कायम गर्ने,
- बढि कर तिर्नेलाई प्रमाणपत्र तथा पुरस्कार दिई सबैलाई उत्साहित गराउने,
- करको दयरा फराकिला पार्ने,
- कर दर घटाउने ।
- राजश्व परार्मश समितिको भुमिकालाई प्रभावकारी बनाउदै लैजाने
- राजश्व संकलन को नियमित प्रगति समिक्षा गर्ने
- राजश्व शाखाको क्षमता अभिवृद्धि गर्ने तथा सुचना प्रविधिको अधिकतम उपयग गर्ने
- राजश्व परनर्मश समितिबाट मुल्याङकन तथा अनुगमन गर्ने
- करदाताको अभिलेख ,राजश्व चुहावट नियन्त्रण तथा आन्तरिक लेखापरिक्षण मा जोड दिन

# अनुसूची

## अनुसूची १ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या
- जीतपुरसिमरा उपमहानगरपालिका आ.व.०७९।०८० को योजना, नीति बजेट तथा कार्यक्रम,
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेकणे कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरूको अध्ययन
- जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन २०७९
- नेपाल सरकारको वजेट वक्तव्य,
- प्रदेश सरकारको वजेट वक्तव्य
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह),

## अनुसुचि २ तथ्यांक/सूचना संकलनका फारम

जीतपुरसिमरा उपमहानगरपालिका, जीतपुर,बारा

राजस्व सुधार कार्ययोजना तर्जुमा

तथ्यांक संकलन सूची

पालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः

- संक्षिप्त परिचय ः
- नामांकरण
- घरधुरी तथा जनसंख्या
- क्षेत्रफल तथा वडा विभाजन
- प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
- सडक, बाटो, पुल
- बिजुली
- खानेपानी तथा सिंचाई
- सार्वजनिक भवन तथा पूर्वाधारहरु
- फोहोरमैला व्यवस्थापन (फोहोरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था र भौगोलिक बनोट
- उद्योग, व्यवसाय तथा कलकारखाना
- मुख्य व्यापारिक केन्द्रहरु
- भौगोलिक अवस्थिती
- प्राकृतिक तथा पर्यटकिय सम्पदा

पालिकाको संगठन तथा राजश्व प्रशासन

- हालको संगठन संरचना
- निर्वाचित पदाधिकारीहरुको विवरण
- कर्मचारीहरुको विवरण
- राजश्व शाखा तथा राजश्व प्रशासन
- राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
- राजश्व सम्बन्धी डाटा वेस
- राजश्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
- कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग,
- भौतिक सुविधाहरु
- कार्यालयका भवनहरु
- सवारी साधन
- फर्निचर, कम्प्युटर, प्रिन्टर

पालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरणः

- विगत तीन आर्थिक वर्षहरु (२०७५/७६, ०७६/७७ र ०७७/७८) को यथार्थ आय विवरण

- चालु आर्थिक वर्षको (२०७८/७९) को अनुमानित÷बजेट विवरण
- चालु आर्थिक वर्षका लागि नगरपालिका सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु
- अन्य दस्तावेज तथा सूचनाहरु
- नगर सभाले पारित गरेको आर्थिक ऐन
- राजश्व संग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- पालिकाको वस्तुस्थिति विवरण
- राजश्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु

तथ्यांक संकलन फारम

१. पालिकाका आयका स्रोतहरू तथा हालको अवस्था

| **क्र.सं.** | **आयका प्रकार** | **सम्भावनाको विवरण** | **संकलन भएको/नभएको** | **दर निर्धारणको अवस्था** |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | | | |
| | एकीकृत सम्पीत्त कर | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | |
| | घर जग्गा बहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | |
| **ख.** | **अन्य राजश्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| | नक्सापास दस्तुर | | | |
| | व्यक्तिगत घटना दर्ता शुल्क | | | |
| | वहाल विटौरी शुल्क | | | |
| | पार्किङ्ग शुल्क | | | |
| | अस्पताल सञ्चालन | | | |
| | फोहोरमैला व्यवस्थापन शुल्क | | | |
| | स्थानीय खानेपानी महसुल | | | |
| | स्थानीय विद्युत महसुल | | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्रलायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | | |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडकवत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | | | |
| | मूल्याङ्कन सेवा शुल्क | | | |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | | | |
| | दण्ड जरिवाना | | | |

**२. पालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा**

| क्र.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जग्गा | | | | |
| | | | | | |

३. पालिकाको स्वमित्वमा रहेका भवन

| क्र.सं. | स्थान | भवनको विवरण (कोठा समेत) | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**४. करमा आधारित सूचनाहरु**

**क. सम्पत्ति कर सम्बन्धी विवरण**

पालिकामा दर्ता भएका जम्मा करदाता संख्या ..................

आ.व. २०७८।७९ मा कर तिर्ने करदाता संख्या .................. संकलित रकम .................

**ख. भवन सम्बन्धी विवरण**

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु नोटः व्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजिविद्यालय तथा क्यापस आदी) | | | |
| २ | औद्योगिक प्रयोजनका भवन÷घरहरु | | | |
| **३** | **आवासिय भवन/घरहरु** | | | |
| ३१. | कच्ची घरहरु –कच्ची जोडाई तथा छानाा) | | | |
| ३२. | अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका) | | | |
| ३३. | पिलर सिस्टम नभएको पक्कि घर | | | |
| ३४. | पिलर सिस्टम भएको पक्कि घर | | | |
| **जम्मा** | | | | |

**गजग्गा सम्बन्धी विवरण .**

| क्र.सं. | जग्गाको किसिम | स्थान | अनुमानित जग्गाधनी | अनुमानित क्षेत्रफल | औसत मूल्याङ्कन दर (मालपोत कार्यालयको आधारमा) |
|---|---|---|---|---|---|
| | शहरी क्षेत्र | | | | |
| | आवासिय क्षेत्र | | | | |
| | कृषि क्षेत्र | | | | |
| | वन तथा अन्य क्षेत्र | | | | |
| **जम्मा** | | | | | |

**घ. सवारी साधन सम्बन्धी विवरण**

पालिकामा दर्ता भएका जम्मा करदाता संख्या ..................

आ.व. २०७८।७९ मा कर तिर्ने करदाता संख्या ..................संकलित रकम .................

| क्र.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा तथा ई–रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

**ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण**

पालिकामा दर्ता भएका जम्मा करदाता संख्या ..................

आ.व. २०७८।७९ मा कर तिर्ने करदाता संख्या ..................संकलित रकम .................

| क्र.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग | | | | |
| २ | वित्तीय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | | |

| क.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| ३ | ब्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | | |
| ५ | अन्य ब्यवसायहरु | | | | |

**छ. खानीजन्य वस्तु विक्री तथा निकासी**

| क.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विक्री मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|---|
| | | ढुङ्गा | | | |
| | | गिट्टी | | | |
| | | बालुवा | | | |

**ज. जडिबुटी, कवाडी र जिव जन्तु (ब्यवसायिक उपयोग)**

| क.सं. | बस्तुहरु | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरु | | | |
| | | | | |
| ग. | जिवजन्तु | | | |
| | | | | |

**झ. वहाल विटौरी**

| क.सं. | सम्पत्तिहरु | स्थान | इकाई | परिमाण | दर |
|---|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरु | | | | |
| ख. | मेसिनहरु | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | | |
| घ. | हाट बजार | | | | |

**ण. पालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका तथा सेवाग्राहीलाई उपलब्ध गराउने सेवा**

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहर मैला व्यवस्थापन | | | | |
| २ | स्थानीय खानेपानी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बिजुली | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | पशु बधशाला | | | | |
| १७ | शवदाह गृह | | | | |
| १८ | बसपार्क | | | | |
| १९ | अन्य पार्किङ्ग क्षेत्र | | | | |
| २० | सिफारिश तथा प्रमाणित | | | | |
| २१ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | | | |
| २२ | मूल्याङ्कन सेवा शुल्क | | | | |
| २३ | नक्सापास | | | | |
| २४ | अन्य ................ | | | | |
| **जम्मा** | | | | | |

## अनुसूची ३ राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण


आज मिति २०७०/०८/०४ गते सिमरा उप-महानगर पालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा बैठक यस पालिकाका प्रमुख श्री राजन पौडेल ज्युको अध्यक्षतामा बसी निम्न लिखित विषय उपर छलफल गरी निम्न निर्णय गरियो।

उपस्थिति:

१. नगर प्रमुख - राजन पौडेल
२. नगर उप-प्रमुख - भोला प्रसाद अधिकारी
३. प्रमुख प्रशासकिय अधिकृत - हरिलाल पुरी -
४. चन्द्र गुरुङ वडा अध्यक्ष -
५. सुबास श्रेष्ठ ११ नं वडा अध्यक्ष
६. स्वयम्माया कुमारी ७ नं वडा कार्यपालिका सदस्य
७. बुद्ध कुमारी अधिकारी - वडा नं ०६ - " " -
८. प्रकाशवती देवी पासवान वडा नं - १८ " " -
९. पवित्र माया बाँस्कोटा वडा नं १६ "
१०. राम प्रति चौधरी वडा नं १४ कार्यपालिका सदस्य
११ माला देवी चौधरी वडा नं २० कार्यपालिका सदस्य रामवती
१२ हेमनारायण चौधरी वडा अध्यक्ष १३
(१३) ...
१४ मोतीलाल राउत माहत वडा नं ३
१५ चतुर बाबु वन्ने वडा अध्यक्ष - १८
१६ राम प्रसाद लामिछाने " - १२ नं.
१७ प्रहलाद राई थोकर १५ प्रहलादराई
१८ दिपेन्द्र चौधरी वडा - ५
०१ अर्जुन सिंह वडा - ४ कार्यपालिका सदस्य
१९ चन्द्र ब. श्रेष्ठ वडा - ७ . वडा अध्यक्ष
(२०) ... - १२ वडा अध्यक्ष - श्याम बाबु खाँ
(२१) संजय प्रसाद पटेल वडा नं १० वडा अध्यक्ष
(२२) दिपेन्द्र कुमार दोयी वार्ड नं १३ अध्यक्ष
(२३) ... प्रसाद ...
२४ डा. दिपक बहादुर आचार्य
२५ रेखा कार्की
२६ ... प्रसाद ... पौडेल
२७ सुष्मा ...

DATE:

प्रस्तावहरु

१) जितपुरसिमराको उप-महानगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार सम्बन्धमा

२) राजश्व सुधार कार्ययोजना निर्माणको निमित्त सहयोग समिति गठन सम्बन्धमा

३) कार्यशाला गोष्ठि सम्बन्धमा

निर्णयहरु

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा राजश्व सुधार कार्ययोजना तयार स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनी प्रा. लि को सहकार्यमा ~~[illegible]~~ जितपुरसिमरा उप-महानगरपालिका को कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

२) जितपुरसिमरा उप-महानगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माणको निमित्त निम्न लिखित सहयोग समिति गठन गर्ने निर्णय गरियो ।

(१) भोला प्रसाद अधिकारी
(२) संजय प्र. पटेल
३ पुष्प कु. अधिकारी
(४) राम प्र शर्मा
(५) लालबहादुर राई

३) जितपुरसिमरा उप-महानगरपालीकाको राजश्व सुधार कार्ययोजना निर्माणको निमित्त अभिमुखिकरण कार्य सम्पन्न गरियो र उक्त कार्ययोजना निर्माण पश्चात छलफल गरी कार्यपालीका र नगर सभामा लागी छलफल गरी पास गर्ने निर्णय गरियो ।

जितपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश नेपाल

अनुसूची ४  राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति फोटो





